खानपान र जीवनशैली परिवर्तन गरौं, स्वस्थ रहौं
असन्तुलित खानपान तथा जीवनशैलीका कारण मधुमेह, उच्च रक्तचाप, मस्तिष्कघातजस्ता रोगहरू लाग्न सक्छन् ।
त्यसैले,
- सन्तुलित र स्वस्थ खाना खाऔं,
- शारीरिक क्रियाकलाप तथा नियमित व्यायाम गरौं,
- मदिरा, सुर्ती तथा सुर्तीजन्य पदार्थको उपभोग नगरौं,
- प्रशस्त मात्रामा पानी पिउने गरौं,
- तनाव व्यवस्थापन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily .com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epratekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ कात्तिक १४ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 October 30 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ६८

## श्रीसिया स्ववासीको फाइल अर्थ मन्त्रालयले वीरगंज पठायो

प्रस, परवानीपुर, १३ कात्तिक/

वीरगंज–२५ श्रीसियाको ६२ बिघा जग्गा अधिग्रहणको मुआवजा वितरण टुङ्ग्याउन अझै केही समय लाग्ने भएको छ ।

स्ववासी जग्गाको मुआवजा वितरण गरेर भौतिक संरचना अस्पताल, वडा कार्यालय, विद्यालय, स्वास्थ्य चौकी, प्रहरी चौकी एवं स्थानीयको घरका लगत स्टिमेट गरेर मुआवजा माग गर्ने तयारी भइरहेको अवस्थामा स्ववासी जग्गाको फाइल अर्थ मन्त्रालयले पुनः वीरगंज पठाएको श्रीसिया सुक्खा भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत धनबहादुर बरुवालले जानकारी दिए ।



तस्वीरः फाइल

अर्थ मन्त्रालयले स्ववासी जग्गा फिल्डबूक भएकाहरूको अहिलेको नयाँ नापी अनुसार नाप भएको विवरण र विगतमा भएको नक्शाको विवरण दुवै पठाएपछि मन्त्रिस्तरीय निर्णय गरेर मुआवजा वितरण गर्ने सरकारको तयारी छ । नयाँ र पुराना दुवै नक्शा, क्षेत्रफलसहितको विवरण पठाउन अर्थ मन्त्रालयले फाइल वीरगंज पठाएको उनले बताए । यस अघि ८४ जना श्रीसियावासीको करीब तीन बिघा स्ववासी जग्गाको मुआवजाको लागि माग गर्दै अर्थ मन्त्रालयमा मिसिल पठाइएको थियो । तर मन्त्रालयले आलटाल गरेको गाउँवासीहरूको भनाइ छ ।

आव २०७२/७३ देखि श्रीसियाको ६२ बिघा जग्गा र बस्ती रोक्का राखेर सरकारले अधिग्रहण गरिरहेको छ । जसमध्ये सरेह खेतहरूको मुआवजा वितरण भइसकेको छ । अझै एक अर्ब मुआवजा सरकारले वितरण गर्नुपर्ने अनुमान छ ।

## २७ जना भारतीय आश्रितहरूलाई घर पठाइयो

प्रस, परवानीपुर, १३ कात्तिक/

मानवसेवा आश्रम वीरगंजले भारतीय २७ जना आश्रितलाई घर पठाएको छ ।

मानवसेवा आश्रमका स्वयंसेवक भोला चौलागाईंको नेतृत्वमा स्वयंसेवकहरूको पाँच सदस्यीय टोलीले गाडीमा राखेर भारत, बिहारको छपरा, वैशाली, उत्तर प्रदेश, उडिसा, आन्ध्र प्रदेश, मध्य प्रदेश, महाराष्ट्र, तेलङ्गानालगायत राज्यमा पठाएको मानवसेवा आश्रम वीरगंजले जनाएको छ ।

मङ्गलवार साँझ वीरगंज–२५ श्रीसियास्थित मानवसेवा आश्रममा कार्यक्रम आयोजना गरी वीरगंजस्थित भारतीय महावाणिज्य दूतावासका वाणिज्यदूत देवी सहाय मीणाको प्रमुख आतिथ्यमा स्वास्थ्य अवस्था ठीक भएका छजना महिलासहित २७ जना आश्रितलाई घर पठाइएको हो ।

विभिन्न समयदेखि देशभरिमा उद्धार गरी विभिन्न मानवसेवा आश्रममा राखेर उपचार गरीए उनीहरूमा चेतना आइसकेको तथा स्वास्थ्य अवस्था ठीक भएका कारण भारत पठाउने निर्णय भएको थियो । नेपालका धनगढी, नेपालगंज, बागलुङ, पोखरा, हेटौंडा, काठमाडौं, सर्लाही, वीरगंजलगायत स्थानबाट मनोरोगीहरूलाई उद्धार गरी आश्रम राखी उपचार गरिएको थियो ।



बिदाइ कार्यक्रममा वीरगंज उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष हरि गौतम, सामाजिक अभियन्ता प्रकाश थारू, कमल चौगाईं, मानवसेवा आश्रम मधेस प्रदेशका संयोजक दिवेश मानवसेवालगायतको सहभागिता थियो ।

भारत पठाइएका पाँच सदस्यीय टोलीमा सुमन बर्तौला, पदमप्रेमी मगर, नीता केसी, समीक्षा बस्नेत, करण मानवसेवा रहेका छन् ।

## बेत बाँसको सामग्री बनाउन भ्याइनभ्याइ

प्रस, महोत्तरी, १३ कात्तिक/

छठ पर्व नजीकिँदै गर्दा महोत्तरीका डोम समुदाय बेत, बाँसका भाँडाकुँडा बनाउन व्यस्त छन् । छठ पर्वमा बाँसका डोको र डालो जस्ता सामग्रीको माग उच्च रहने भएकाले यहाँका डोम समुदायलाई यति बेला कामको चटारो छ ।

जलेश्वर नगरपालिका–३ का महेश्वर डोमका अनुसार गाँस, बास र कपासका लागि बाँसका भाँडाकुँडा बनाउने परम्परा पुर्खादेखि नै सीप हस्तान्तरण हुँदै आएको हो । छठ पर्वको लागि बाँसका सामग्री विशेष माग हुने भएकाले कात्तिक महीनामा बाँसको कामले राम्रो आम्दानी गर्ने अवसर जुर्छ ।

जिल्लाका जलेश्वर, मटिहानी, पिपरा, औरही, गौशाला, सम्सी, सोनमा, रामगोपालपुर, एकडारा र मनरालगायतका स्थानमा बसोबास गर्ने डोम समुदाय छठ पर्वका लागि बाँस र बेतबाट डालो, नाङ्लो, डालेलगायतका सामग्री बनाउने काममा व्यस्त छन् ।

मनरासिस्वा नगरपालिका–२ की ७० वर्षीया बेचनी डोमिनले भनिन्, "कात्तिक लाग्नेबित्तिकै बिहानदेखि बेलुकासम्म काममा व्यस्त छौं । काम गर्दा जति नै व्यस्त र चटारो परे पनि छठमा त्यही सामग्री बेचेर राम्रो आम्दानी भएपछि सबै दुःख बिर्सिन्छौं, खुशीको माहौल बन्छ ।"



तस्वीरः सौजन्य

छठ पर्व मनाउने प्रत्येक तराईवासीले छठीमाता र सूर्यदेवलाई बाँस र बेतबाट बनेका डालो, नाङ्लो र टालु टपरीमा अर्घ्य दिनुपर्ने भएकाले व्रत बस्ने प्रत्येक परिवारमा पाँचदेखि सातवटा बाँसका भाँडाकुँडा किन्नुपर्ने हुन्छ ।

छठको आगमनसँगै डोम समुदायका घरआँगनमा छठीमाता र सूर्यदेवको उपस्थिति रहने जनविश्वास छ । पिपरा–२ का राजीव डोमका अनुसार कतिपय व्रतालुले तयारी सामग्री खरीद गरेर लान्छन् भने कतिपयले अग्रिम अर्डर दिने गरेका छन् । अग्रिम अर्डर दिनेहरूको समयमा काम सकाएर दिनै पर्ने हुँदा कामको निकै दबाब पर्ने उनले बताए ।

सम्सी गाउँपालिका–३ का मनोज डोमले डालो, नाङ्लो र टालु टपरी बेचेर कात्तिक महीनामा आम्दानी गरेर वर्षभरिको खर्च जोहो गर्ने बताए । सोनमा गाउँपालिका–३ का विजय डोमले जानकारी दिए अनुसार बालकदेखि वृद्धवृद्धासम्म बाँसको काममा लागेका छन् । हरेक छठ पर्वमा उनीहरूले डालो, नाङ्लो बेचेर प्रतिव्यक्ति २० हजारदेखि २५ हजार रुपैयाँसम्म र प्रत्येक परिवारले एक लाख रुपैयाँसम्म आम्दानी गर्छन् । छठ पर्व मनाउनेको सङ्ख्या हरेक वर्ष वृद्धि हुँदै आएको बाँसका सामग्री बनाउने डोम समुदायको ठहर छ । हरेक वर्ष सामग्रीको माग बढ्दै जानु र कामदारको आम्दानी पनि बढ्दै जानु यसको प्रमाण रहेको उनीहरूको भनाइ छ ।

## साझेदारीलाई काठ बिक्री वितरणको अख्तियारी

प्रस, महोत्तरी, १३ कात्तिक/

महोत्तरीका विभिन्न तीनवटा साझेदारी वनले उपभोक्तालाई काठ बिक्री वितरण गर्न पाउने भएका छन् । साझेदारी वनमार्फत सहुलियत दरमा उपभोक्तालाई काठ वितरणको तयारी भएको डिभिजन वन कार्यालय, महोत्तरीले जनाएको छ । सालसहित विभिन्न जातका काठ वितरण अन्तिम तयारीमा पुगेको डिभिजन वन कार्यालय, महोत्तरीले जनाएको हो ।

पछिल्ला केही वर्षदेखि ढलापडा काठहरू घाटगड्डीमा थन्किए पनि बिक्री वितरण हुन पाएको थिएन । हाल साझेदारी वन व्यवस्थापन कार्यविधि स्वीकृत भएकोले काठ बिक्री वितरण प्रक्रिया सहज भएको हो ।

डिभिजन वन कार्यालय, महोत्तरीका प्रमुख अजय मिश्रले लामो समयदेखि कार्यविधि अभावका कारण काठ थन्किएको बताउँदै अब सहजरूपमा वितरण गर्न सकिने जानकारी दिएका छन् । उनले क्रमिकरूपमा ढलापडा र थिनिङ अर्थात् जङ्गल काँटछाँटबाट उत्पादित काठ वितरण गर्ने योजना रहेको जानकारी दिएका छन् ।

उपभोक्ताहरूले काठ अभावका कारण घर निर्माणलगायतका महत्त्वपूर्ण कार्यहरू गर्न नसकेको अवस्थामा सहुलियत दरमा काठ वितरण शुरू हुनु अति सकारात्मक काम भएको उपभोक्ताहरूको प्रतिक्रिया छ ।



तस्वीरः सौजन्य

बाँके मरहा साझेदारी वन उपभोक्ता समूहका अध्यक्ष बलराम यादवले दैनिक काठको लागि धेरै निवेदन आइरहेको बताउँदै सहज वातावरणमा काठ बिक्री वितरण शुरू भएको जानकारी दिए । उनले पुराना काठहरू घरका झ्यालढोकाका लागि प्रयोग गर्न सकिने र अन्य प्रयोजनका लागि भने अलि राम्रो काठ हेरेर दिने गरेको बताए ।

महोत्तरीस्थित बाँके मरहा साझेदारी वन उपभोक्ता समूह, टुटेश्वरनाथ साझेदारी वन उपभोक्ता समूह र गढन्ता साझेदारी उपभोक्ता समूहले काठ बिक्री वितरण प्रक्रिया शुरू गरेका छन् ।

## यादव हत्याको घटनाको अनुसन्धान हुँदै

प्रस, परवानीपुर, १३ कात्तिक/

पाँच दिन अघि बारा जिल्लामा धारिलो हतियार प्रयोग गरी हत्या गरिएका श्रीनारायण यादवको घटनामा बारा प्रहरी अनुसन्धान तीव्र बनाएको छ ।

जिल्ला प्रहरी कार्यालय, बाराका अनुसार महागढीमाई नगरपालिकाको सेमरा तेगछिया बस्ने यादवको हत्यासम्बन्धी अनुसन्धान अन्तिम चरणमा पुगेको बारा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक प्रकाश सापकोटाले बताए । उनले शङ्कास्पद व्यक्तिलाई पक्राउ गरिएको र केही कागजात, कल डिटेल्स र अन्य तथ्यहरूको सूक्ष्म परीक्षण गरी घटनाको सत्यतथ्य चाँडै बाहिर ल्याउने तयारी भइरहेको बताए ।

पक्राउ परेकाहरूसँग बयान लिने क्रम जारी रहेको उनले बताए । यादवको हत्यामा अहिलेसम्म छजनालाई पक्राउ





तस्वीरः फाइल

गरी जिल्ला प्रहरी कार्यालय, बाराको हिरासतमा राखिएको छ । आन्तरिक कारणले यादवको हत्या भएको हुन सक्ने बारा प्रहरीको अनुमान छ । महागढीमाई नपा–१ सेमरा तेगछियाका ५० वर्षीय यादवको शनिवार राति ८ बजे घरनजीकै घाँटीमा धारिलो हतियार प्रहार गरिएको थियो । गम्भीर घाइते यादवको प्रादेशिक अस्पताल कलैयामा उपचारको क्रममा मृत्यु भएको थियो ।

**विचारसार र सूक्तिहरू**

**केही तिमीलाई असफल भएको देख्न चाहन्छन्, केही तिमी पलायन भएको देख्न चाहन्छन्, यस्तो गर कि तिनीहरू सधैं प्रतीक्षा गरिरहून् ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail .com, prateekdainik@yahoo .com
Website: www.eprateekdaily.com


# वनको जमीनमा गाँजाखेती

**डिभिजन वन कार्यालय, पर्सा मातहतको राष्ट्रिय वनमा गाँजाखेती लगाइएको फेला पर्‍यो । डिभिजन वन कार्यालयको अगुवाइमा करीब पाँच बिघा क्षेत्रफलमा लगाइएको गाँजाखेती नष्ट गरिएको छ । विगतमा अतिक्रमण हटाएर तारबारसहित वृक्षारोपण गरिएको सुरक्षित क्षेत्रमा बिरुवा मासेर गाँजाका बोटहरू हुर्काइएका थिए । प्रहरीसहित सो क्षेत्रमा गाँजा फँडानी गर्न टोली पुग्दा करीब दुई महीना पुगेका गाँजाका बोटहरू फेला परे । उक्त क्षेत्र सशस्त्र प्रहरी बल बागेश्वरी, इलाका प्रहरी कार्यालय एकटाँगा, सबडिभिजन वन कार्यालय बडनिहारको मातहतमा पर्छ । सबडिभिजन कार्यालय अन्तर्गत पनि विभिन्न पोस्टहरू छन् । पोस्टमा वन प्रशासन र सशस्त्र बल तैनाथ छन् । उनीहरूको काम, कर्तव्य र अधिकारसहितका दैनिक ड्युटी तालिका छन् ।**

**गाँजाखेती हाम्रो मुलुकको प्रचलित ऐन, कानून अनुसार वर्जित छ । अपराध र दण्ड ऐन २०७४, नशालु पदार्थ ऐन २०३३, स्वास्थ्य सेवा ऐन २०७५, वन ऐन २०७१ लगायतका ऐन, कानूनले गाँजाखेती तथा उत्पादन, ओसारपोसार, बिक्री वितरण, भण्डारण एवं प्रदर्शनलाई समेत गैरकानूनी मानेको छ । जुन जमीनमा गाँजाखेती भएको छ, उसले आफ्नो सहमतिमा गाँजाखेती गर्न दिएको हो भने जग्गाधनीसमेत कारबाईमा पर्छ । उत्पादकलाई लाग्ने कानून जग्गाधनीमा पनि आकर्षित हुन्छ । जसको स्वामित्वमा जग्गा छ, उसको सहमति रहेनछ, लुकीछिपी, डराइ, धम्काइ वा प्रलोभनमा पारेर अरू कसैले गाँजा रोपेको रहेछ भने जग्गाधनीले त्यस्ता व्यक्तिको पहिचान बताउन सक्नुपर्छ । वा आफ्नो मन्जुरीबेगर गाँजा रोपनी भएकोबारे थाहा पाउने बित्तिकै नेपाल सरकारको कुन निकायमा जाहेरी, जानकारी तथा सूचना दिएको छ, त्यो स्पष्ट पार्न सक्नुपर्छ । गाँजाखेतीविरुद्ध अभियान चल्दा विगतमा सम्बन्धित वडाका धेरैजना वडाध्यक्षले जिल्ला प्रशासनमा तारिख धाएका छन्, स्पष्टीकरण दिएका छन् ।**

**अहिले गाँजाखेती नष्ट गरिएका क्षेत्र जिल्ला वन कार्यालयको नियन्त्रण रेखा अर्थात् स्वामित्वमा रहेको वन क्षेत्रभित्रको हो । दुई/चार बोट होइन पाँच बिघा क्षेत्रफलमा बिरुवा फाँडेर गाँजा रोपिएको छ । थाहा नपाउनेगरी सुटुक्क रोपिएको होइन । प्रशस्त समय लगाएर बिरुवा फँडानी, खनजोत, माटो सम्याउने, क्यारी बनाउने, मल प्रयोग साथै बिरुवा नहुर्केसम्म करीब १५ दिन दैनिक पानी सिंचाइ गरिएको छ । नजीकमा वन पोस्ट छ, छेवैमा बस्ती । राज्यको पैसा खर्च गरेर वनले बिरुवा लगाइ तारबार गरेपछि त्यसको संरक्षणका लागि स्थानीय कुनै निकायसँग साझेदारी पनि गरेको होला । त्यसो छैन भने आफ्नै कुनै चौकी, पोस्टलाई जिम्मेवारी दिइएको हुनुपर्छ । त्यसो पनि गरिएको छैन भने त्यो खर्च फरफारक हुँदैन, अनियमितता हो । यो अवस्थामा वनको जानकारीविना नै उसको जमीनमा कसैले गाँजा रोपेछ भन्ने कुरालाई कसरी पत्याउने ? वृक्षारोपण क्षेत्रमा दुई महीनासम्म वनको कर्मचारी पुगेन ? नपुगेको हो भने त्यस्तो गस्ती तालिका कसले बनायो ? वनविनाशबारे सूचना नचुहाउने स्थानीय बासिन्दा सबै वनका दुश्मन हुन् ? समाजमा सञ्जाल बनाउन नसक्नु वनको कमजोरी ठहर्छ । जोगाउन नसक्ने भएपछि फँडानीको नाटक माउसुली भुलैया हुन सक्छ । सतही होइन, यस मुद्दामा गम्भीर छानबीन र दोषीमाथि कारबाई हुनुपर्छ ।**

# ओली सरकारका सय दिन

स्वतन्त्र विचार



**श्रीमन्नारायण**

an_shriman@yahoo.com

**सय दिनको समय लामो हुँदैन तर नेपालमा जसरी छ/छ महीनामा र एक/एक वर्षमा सरकार परिवर्तन भइरहन्छ, यस्तो अवस्थामा सरकारको कामकाजको मूल्याङ्कन एक सय दिनकै कामकाजको आधारमा हुनुपर्छ ।**

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली नेतृत्वको वर्तमानको गठबन्धन सरकारले आफ्नो एक सय दिन बिताएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीको यो चौथो कार्यकाल हो । वर्तमान सरकारलाई प्रतिनिधिसभामा सबैभन्दा बढी सांसद रहेको नेपाली काङ्ग्रेस तथा मधेसी दलहरूसमेतको सहयोग र समर्थन रहेको छ । सरकारसामु बहुमतको समस्या छैन । वर्तमानको गठबन्धन सरकारले चाहृयो भने महत्त्वपूर्ण ठोस र दूरगामी प्रभाव पार्न सक्ने खालका निर्णयहरू पनि गर्न सक्छ । हुनत प्रधानमन्त्री ओली आफ्नो असफलतालाई पनि सफलता र कमीकमजोरीलाई पनि उपलब्धिको रूपमा व्याख्या गर्ने अद्भुत वाकपटुताका धनी व्यक्ति मानिन्छन् । वर्तमान सरकारको एक सय दिनको अवधिलाई पनि उनले यसै रूपमा व्याख्या गरेका छन् । सरकार गठन भएपछि सबै मन्त्रालयद्वारा बनाइएको कामको सूचीमध्ये करीब ७० प्रतिशत काम सम्पन्न गरेको दाबी पनि उनले गरेका छन् । सत्ताधारी दल तथा सरकारले आफू अनुकूलका तथ्याङ्कबाट आफ्नो सफलताको गिन्ती गराउने र विपक्षीहरूले सरकारको कमीकमजोरीलाई देखाउने प्रवृत्तिले यसपालि पनि निरन्तरता पाएको छ । सरकारको सफलता र असफलताको मापन गर्ने कुनै स्पष्ट विभाजन रेखा हुँदैन तर सरकार गठनका बेला सत्ताधारी दलहरू र गठबन्धनद्वारा जारी साझा न्यूनतम कार्यक्रम र सरकार स्वयंले नै व्यक्त गरेको आफ्नो प्राथमिकताको आधारमा सरकारको कामकाजको एक सय दिनको समीक्षा गर्ने हो भने खासै सराहनीय काम भएको देखिंदैन । जनतालाई राहतको अनुभूति भएको तथा देशले गर्व गर्न सक्ने खालको खासै कुनै ठूलो काम भएको जस्तो लागेन । सरकार गठन हुँदै गर्दा सार्वजनिकरूपमा वाचा र आम जनतामा विकास भएको अपेक्षा कति पूरा हुन सक्यो भन्ने कोणबाट सरकारको कामकाजको समीक्षा अवश्य नै हुनुपर्छ ।

नेपाली काङ्ग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र र मधेसवादी दलहरू विगत डेढ दशकदेखि आलोपालो गरी सरकारको नेतृत्व गर्दै अथवा सरकारमा सहभागी रहँदै आएका छन् । नेपालका प्रायः सबैजसो राजनीतिक दलहरूले एकअर्कासँग मिलेर सरकार बनाएका छन् । सरकार गठनका लागि सहयोग लिए र दिएका छन् । सत्ताको भागबन्डामा विपक्षी दलहरूले पनि आफ्नो भाग लिएको अनौठो उदाहरण नेपालमा मात्रै हेर्न सकिन्छ । जेहोस् वर्तमान सरकारको गठन नेपाली काङ्ग्रेस र नेकपा एमालेबीचको सहकार्यबाट भएका कारण देशमा राजनीतिक स्थायित्व कायम हुने, सुशासन र समृद्धिका लागि दीर्घकालीन योजना लागू गर्न सकिनेलगायतका अपेक्षा गरिएका छन् ।

भ्रष्टाचार नियन्त्रण, व्यावसायिक वातावरण निर्माण, लगानीलाई प्रोत्साहन, रोजगार सिर्जनाका विषयहरू त नेपाली काङ्ग्रेस र नेकपा एमालेबीच भएका सात बुँदे सहमतिमैं उल्लेख छन् ।

काङ्ग्रेस र एमाले आफैंले व्यक्त गरेका प्रतिबद्धताबाट विमुख भएको जस्तो लागिरहेको छ । संविधान संशोधन जस्तो विषयलाई चर्चामा ल्याएर अहिले आफैं मौन बसेका छन् । संविधान संशोधनको विषयलाई आफ्नो राजनीतिक एजेन्डा बनाउँदै आएका मधेसी, जनजाति र अन्य पहिचान पक्षधर शक्तिहरू संविधानमा के के संशोधन हुनुपर्ने भन्ने विषयलाई पहिचान गर्दै लामो फेहरिस्त बनाएका छन् र यस विषयमा दैनिकरूपमा संवाद, गोष्ठी, अन्तर्क्रिया र परिचर्चाहरू गर्न थालेका छन् तर जसले यसलाई आफ्नो प्राथमिकतामा राखेको थियो, जोसित संविधान संशोधनको साँचो छ, उसले नै संविधान संशोधनरूपी कोठामा भोटेताल्चा लगाइ त्यसको साँचो आफ्नो खल्तीमा लिई मस्त निदाएको छ । 'मुल्क की चिन्ता तो मन्त्रीजीको भी है, लेकिन बडे आराम से' संविधान संशोधनको विषयमा सत्ताधारी दलको चिन्ता पनि बडो आरामदायी छ ।

आर्थिक सुधार र विकास निर्माणका कामलाई तीव्रता दिनका लागि सरकारको ठोस योजना के हो भन्ने पनि प्रस्ट छैन । फलस्वरूप आज अर्थतन्त्रका अधिकांश सूचक आशा जगाउने खालका छैनन् । राजस्व सुधार भएको, कर्जा माग बढेको वा निजी क्षेत्रमा आत्मविश्वास बढेको देखिंदैन । जनताको क्रयशक्तिमा ह्रास आएको छ । व्यापार–व्यवसाय चौपट रहेको अवस्था छ । नियमित तलब पाउने र उच्च मध्यम वा उच्च व्यापारीहरू बाहेकको अवस्था दयनीय छ । किसानहरूको अवस्था दयनीय छ । असोजको दोस्रो सातामा भएको वर्षा र त्यस कारण उत्पन्न विषम परिस्थितिले कतिपय ठाउँमा बालीनालीलाई सखाप पारेको छ । धानबाली त तहसनहस नै हुन पुगेको छ ।

सुशासनको सवालमा सरकारको घोषणामाथि जनतालाई पत्यार हुन सकिरहेको छैन । सहकारी ठगीको आरोपमा राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष पूर्वगृहमन्त्री रवि लामिछानेको गिरफ्तारीलाई जायज मान्ने ठूलो जमात देशमा छ । सहकारीका बचतकर्ताहरू यसबाट निकै खुशी पनि छन् तर सहकारीकै रकमको दुरुपयोग गरेको अथवा ठगीको आरोप लागेका सत्ताधारी गठबन्धनका अन्य नेताहरूको गिरफ्तारी नभएका कारण सुशासनप्रति सरकारको नीति दोहोरो खालको भएको आरोप स्वतन्त्र विश्लेषकहरूको छ ।

ओली सरकारको सुशासनप्रतिको प्रतिबद्धतामाथि प्रश्नचिह्न उठाउने काम त प्रधानमन्त्रीकै पार्टीले विवादास्पद व्यापारीबाट आफ्नो पार्टी कार्यालयका लागि लिएको दानले नै उठाएको छ । सम्मानित सर्वोच्च अदालतले पनि सत्ताधारी दल तथा त्यो पनि सरकारको नेतृत्व गरिरहेको दलले एउटा व्यापारीबाट लाभ लिनुलाई अनुचित भनेको छ । जुन व्यापारीमाथि भ्रष्टाचारको आरोप लागेको छ, सम्पत्ति शुद्धीकरणको छानबीन भइरहेको छ, त्यस्ता व्यापारीबाट सरकारले जिन्सी वा नगद लाभ लिनुलाई जायज कसरी मान्न सकिन्छ । यस्ता व्यापारीले सरकारबाट लाभ नलिने वा लिन नचाहेको कसरी मान्न सकिन्छ ? उपरोक्त व्यापारीले यति ठूलो दान कुनै अनाथालय, वृद्धाश्रम अथवा अस्पताललाई दिएका होइनन् । गरीब विद्यार्थीको अध्ययनका लागि अक्षयकोषमा दान दिएका होइनन् । प्रधानमन्त्रीले नेतृत्व गरिरहेको पार्टीलाई दिएका छन् । नियमित प्रशासनिक निर्णय र सामान्य निर्देशनबाट प्राप्त परिणामलाई सफलताको बुँदामा उल्लेख गरेर नागरिकमा उत्साह आउन सक्दैन । नागरिकका अपेक्षा सत्ताधारी पार्टीका प्रतिबद्धताभन्दा बढी हुने गर्छ । जनताको अपेक्षा भनेको जनताको दैनिक जीवनमा काम आउने महँगी नियन्त्रण, सुशासन, शान्ति सुरक्षा, सरकारी कार्यालयको कामकाजमा पारदर्शिता र इमानदारिता, प्राकृतिक आपदाको समयमा सरकारको सहयोग, राहत र सक्रियता हो । शिक्षा, स्वास्थ्य, यातायात, बाटोघाटो आदिका क्षेत्रमा भएको काम नै जनताको सर्वाधिक चासोको विषय हुने गर्छ ।

सय दिनको समय लामो हुँदैन तर नेपालमा जसरी छ/छ महीनामा र एक/एक वर्षमा सरकार परिवर्तन भइरहन्छ, यस्तो अवस्थामा सरकारको कामकाजको मूल्याङ्कन एक सय दिनकै कामकाजको आधारमा हुनुपर्छ ।

संयुक्त राष्ट्रसङ्घको महासभामा भाग लिन प्रधानमन्त्री केपी शर्मा ओली न्यूयोर्क गएका बेला दक्षिणी छिमेकी भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसित उनको भेटवार्ता भएको थियो । प्रधानमन्त्री ओलीले भारतका प्रधानमन्त्री मोदीलाई नेपाल भ्रमणको निम्तो पनि दिएका थिए तर हालसम्म भारतले नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीलाई निम्तो दिएको छैन । नेपालका प्रधानमन्त्रीहरू आफ्नो परराष्ट्र भ्रमणको सुरुआत भारतबाटै गर्ने गरेको एउटा अघोषित परम्परा नै रहेको छ । विसं २०६५ मा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले भने आफ्नो विदेश भ्रमणको थालनी चीनबाट गरेका थिए । आफ्नो चौथो कार्यकालमा ओलीले पनि चीनबाटै आफ्नो विदेश भ्रमणको थालनी गरेका थिए । नेपाल एउटा स्वतन्त्र एवं सार्वभौम देश भएकोले नेपाललाई यो अधिकार पनि छ तर कूटनीतिका जानकारहरूले प्रधानमन्त्री ओलीले पुनः चिनियाँ कार्ड खेल्ने अनुमान गरेका छन् । न्यूयोर्क भ्रमणमा नेपाल र भारतबीच भएको भेटवार्ताले परस्पर विश्वासको वातावरणलाई कायम गरेको थियो तर प्रधानमन्त्री ओलीको चीन भ्रमणले भने केही आशङ्कालाई अवश्य पनि जन्म दिनेछ । उनी पहिलोपटक चीन भ्रमणमा जाँदा पनि नेपाल–चीनबीच व्यापार तथा पारवहन जस्ता विषयमा दर्जनौं सम्झौताहरू भएका थिए तर त्यसमध्ये १० प्रतिशतसम्म पनि कार्यान्वयनमा अहिलेसम्म आएको छैन । प्रधानमन्त्रीको यस चीन भ्रमणले बढीभन्दा बढी बिआरआईको कार्यान्वयन नेपालमा शीघ्र हुने अपेक्षा गर्न सकिन्छ । तर वर्तमान अवस्थामा भारत र चीनबीचको सम्बन्ध सुधारोन्मुख अवस्थामा छ । यस्तोमा पाकिस्तान, नेपाल, श्रीलङ्का र बङ्गलादेशले चाइना कार्ड खेल्ने सम्भावना सफल हुने मान्न सकिंदैन । परराष्ट्र नीतिको सवालमा पनि ओली सरकार सफल हुने सम्भावना देखिंदैन । नेपाली काङ्ग्रेसभित्रकै अर्को पक्ष सरकारको कामकाजबाट सन्तुष्ट छैन । महन्त ठाकुर पनि विपक्षी मोर्चाको बैठकमा सामेल भएका छन् । ओली सरकारको सय दिन सामान्य गतिमा मात्रै बढेको छ ।

# कार्तिक कृष्णपक्षः दोस्रो चाड तिहार (यमपञ्चक) शुरू

पूर्णप्रसाद मिश्र
काठमाडौं, १३ कात्तिक/रासस

प्रत्येक वर्ष कार्तिक कृष्ण त्रयोदशीदेखि शुरू हुने हिन्दूहरूको दोस्रो ठूलो चाड यमपञ्चक अर्थात् तिहार मङ्गलवारदेखि विधिवत्रूपमा आरम्भ भएको छ । बिहान ११:०१ बजेसम्म द्वादशी र त्यसपछि त्रयोदशी तिथि लाग्ने भएकाले आजदेखि तिहार शुरू भएको हो ।

बिहान ११:०१ बजेपछि कार्तिक कृष्ण त्रयोदशी तिथि परेकाले आज धनतेरस अर्थात् धनत्रयोदशी पर्व मनाउनुपर्ने नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले जनाएको छ । यस वर्ष यमदीपदान भने भोलि अर्थात् बुधवारदेखि शुरू हुनेछ । काग तिहार पनि कात्तिक १४ गते बुधवार नै परेको समितिका अध्यक्ष प्रा श्रीकृष्ण अधिकारीले जानकारी दिए । बिहान त्रयोदशी परेका दिन धनतेरस अर्थात् धनत्रयोदशी र बेलुकी त्रयोदशी तिथि परेका दिन यमदीपदान शुरू हुने शास्त्रीय नियम रहेको छ ।

"सायंकालमा त्रयोदशी भएका दिन यमदीपदान शुरू गर्नुपर्ने र प्रातः अर्थात् सूर्योदयकालमा त्रयोदशी भएका दिन काग तिहार मनाउनुपर्ने शास्त्रीय व्यवस्था अनुसार यस्तो निर्णय गरिएको हो," उनले भने ।

यमपञ्चकका अवसरमा यमदीप दान गरे यमयातनाबाट मुक्ति पाइने शास्त्रीय मान्यता छ । धनवन्तरि जयन्ती पनि कात्तिक १४ गते बुधवार परेको समितिका अध्यक्ष प्रा अधिकारीले जानकारी दिए । तिथिको घटबढका कारण बिहीवार कुकुर तिहार र लक्ष्मीपूजा एकै दिन परेको समितिले जनाएको छ ।

यमदीपदान परिवारका सदस्य सङ्ख्याका आधारमा गरिन्छ । यमदीपदान गर्दा दक्षिण फर्काएर गर्नुपर्ने धर्मशास्त्रविद् प्राडा रामचन्द्र गौतमले बताए । कार्तिक कृष्ण त्रयोदशीदेखि कार्तिक शुक्ल द्वितीया अर्थात् भाइटीकाका दिनसम्म यमदीपदान गर्ने शास्त्रीय विधि छ ।

कात्तिक १५ गते बिहीवार अरुणोदयकालमा नरक स्नान गरेर बिहान कुकुर तिहार पर्व मनाइन्छ । बेलुकी लक्ष्मीपूजा गर्नुपर्ने समितिका अध्यक्ष अधिकारीले बताए । बिहीवार बिहान अरुणोदयकालअघि अपामार्गसहित स्नान गरिन्छ । यसलाई नरक स्नान भनिन्छ । यस दिन बिहान विधिपूर्वक स्नान गरी बत्ती बालेर नदीमा बगाउनाले नरकको यातना सहनु नपर्ने शास्त्रीय मान्यता छ ।

कात्तिक १५ गते दिउँसो १५:१४ बजेसम्म चतुर्दशी र त्यसपछि औंसी तिथि लाग्ने भएकाले लक्ष्मीपूजा पनि यसै दिन गर्नुपरेको समितिका अध्यक्ष प्रा अधिकारीले उल्लेख गरे । उनका अनुसार रातमा औंसी तिथि परेका दिन लक्ष्मीपूजा गर्ने शास्त्रीय विधि छ । यस वर्ष कात्तिक १६ गते शुक्रवार औंसी तिथि बेलुकी १७:१५ बजेसम्म परेको छ । यस दिन तिहारका कुनै पनि पर्व भने परेको छैन ।

गाईगोरुपूजा कात्तिक १७ गते शनिवार परेको छ । हलितिहार, गोवर्द्धन पूजा, बलीपूजा र आत्म (म्ह) पूजा कात्तिक पनि यसै दिन परेको छ । कार्तिक शुक्ल प्रतिपदाका दिन गाई, गोरु, गोवर्द्धन र आत्म (म्ह) पूजा गर्नुपर्ने शास्त्रीय वचन रहेको छ । प्रतिपदाका दिन सूर्योदय भएकै दिन नयाँ वर्ष मनाउनुपर्ने शास्त्रीय वचन अनुसार नेपाल संवत् ११४५ पनि यसै दिनदेखि शुरू हुन्छ ।

**भाइटीका कात्तिक १८ गते ११:३७ बजे**

कात्तिक १८ गते आइतवार भाइटीका लगाउनुपर्ने समितिले जनाएको छ । यस दिन बिहान ११:३७ बजे भाइटीकाको शुभ साइत रहेको समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेलले जानकारी दिए । भाइटीका पश्चिम

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# नेप्से परिसूचक ४६ अङ्कले वृद्धि

काठमाडौं, १३ कात्तिक/रासस

धितोपत्र बजारमा मङ्गलवार शेयर कारोबार मापक नेप्से परिसूचक उकालो लागेको छ। नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक ४६ दशमलव ६९ अङ्कले उकालो लागेर दुई हजार ६९२ दशमलव ०५ मा पुगेको छ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक एक दशमलव ७६ प्रतिशतले उकालो लागेर ४८१ दशमलव २८ मा पुगेको छ। आज नेप्सेमा कारोबार भएका १३ वटै उपसमूह बढेका छन्। आज कुल एक करोड ३३ लाख ७३ हजार ४८१ कित्ता शेयर रु छ अर्ब १२ करोड ८२ लाख ६४ हजार ५८० मा खरीद–बिक्री भएका छन्।

नेप्सेका अनुसार सप्तकोशी डेभलपमेन्ट बैंक, सानिमा जिआइसी इन्स्योरेन्स र कुथेली बुखेली हाइड्रोपावरको शेयर मूल्य १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ। त्यस्तै, हिमालयन एभरेस्ट इन्स्योरेन्सको संस्थापक शेयर, कर्पोरेट डेभलपमेन्ट बैंकको शेयर मूल्य नौ दशमलव ९८ प्रतिशत र समाज लघुवित्त वित्तीय संस्थाको शेयर मूल्य नौ दशमलव १८ प्रतिशतले बढेका छन्।

आजको कारोबारमा सेन्ट्रल फाइनान्सको शेयर मूल्य एक दशमलव ८८ प्रतिशत, लाइफ इन्स्योरेन्स कर्पोरेशन लिमिटेडको एक दशमलव ५७, गुडविल फाइनान्स एक दशमलव २३, हिमालयन लघुवित्त वित्तीय संस्थाको एक दशमलव १२ र आइसिएफसी फाइनान्सको शेयर मूल्य एक दशमलव ०८ प्रतिशतले घटेका छन्।

# धन्वन्तरी जयन्ती बुधवार मनाइने

काठमाडौं, १३ कात्तिक/रासस

आयुर्वेदसँग सम्बन्धित विभिन्न संस्थाहरूले बुधवार देशभर विभिन्न कार्यक्रमसहित राष्ट्रिय आरोग्य दिवस तथा धन्वन्तरि जयन्ती मनाउने भएका छन्। हरेक वर्ष कात्तिक कृष्ण त्रयोदशीमा मनाइने यो दिवस यस वर्ष 'स्वस्थ्य जीवनशैलीमा सात्त्विक आहार, नागरिक आरोग्यताको मजबूत आधार' नाराका साथ मनाउन लागिएको हो।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय अन्तर्गतको आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागमा आज आयोजित अन्तर्क्रियामा विभागका महानिर्देशक डा प्रदीप केसीले भने, "हरेक नागरिकले स्वस्थ जीवनशैली अपनाउनुपर्छ।

अस्वस्थ जीवनशैलीले नसर्ने रोगहरू बढेका छन्। त्यसैले यो नारा हामीले रोजेका हौं। स्वस्थ रहने, खानपिनमा ध्यान दिने, व्यायाम गर्ने कुरा सबैले बुझ्नुपर्छ।"

उनले दिवसका अवसरमा देशभरका आयुर्वेद संस्था जस्तै सिंहदरबार वैद्यखाना, आयुर्वेद अस्पताल नरदेवी, आयुर्वेद क्याम्पस कीर्तिपुरलगायत विभिन्न आयुर्वेद अस्पतालमा विविध कार्यक्रम गरी मनाइने बताए।

प्राचीनतम वैदिक चिकित्सा पद्धति आयुर्वेदका प्रवर्तक धन्वन्तरिको उत्पत्ति भएको सम्झनामा देशभर विविध कार्यक्रम गरी धन्वन्तरि जयन्ती तथा राष्ट्रिय आरोग्य दिवस मनाउन लागिएको हो। धन्वन्तरि दिवसलाई राष्ट्रिय आरोग्य दिवसका रूपमा विसं २०५६ देखि मनाउन थालिएको हो।

# २४ फरार प्रतिवादी पक्राउ

राजविराज (सप्तरी), १३ कात्तिक/रासस

विभिन्न मुद्दामा फरार २४ प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी टोलीले सोमवार उनीहरूलाई पक्राउ गरेको हो।

वारदातपश्चात् फरार रहेका ती प्रतिवादीलाई तिहारको मौकामा गाउँघरबाटै पक्राउ गरिएको प्रहरी उपरीक्षक जीतेन्द्रकुमार बस्नेतले जानकारी दिए। उनका अनुसार पक्राउ पर्नेमा चोरी, लेनदेन, कुटपिट, जालसाजी र लागूऔषध कसूरका प्रतिवादी छन्।

अदालतले रु पाँच जरिवानादेखि सात दिन कैदसम्म भुक्तानी गर्न बाँकी रहेका प्रतिवादीसमेत पक्राउ परेको प्रहरी उपरीक्षक बस्नेतले बताए।

त्यसैगरी, राजविराज नगरपालिका–६ सखडा रोडबाट रु तीन लाख नौ हजार ६९५ को भन्सार छली गरेको कपडासहित दुईजनालाई पक्राउ गरिएको छ। पक्राउ पर्नेमा रूपनी गाउँपालिका–५ का २६ वर्षीय चुनचुन यादव र राजगढ गाउँपालिका–२ का २८ वर्षीय सञ्जय साह छन्।

# मलेशियाली नागरिकसहित चारजना पक्राउ

गोलबजार (सिराहा), १३ कात्तिक/रासस

रोजगारका लागि कतार पठाइदिन्छु भन्दै ठगी गरेको अभियोगमा नेपाल प्रहरीले एक मलेशियाली नागरिकसहित चारजनालाई पक्राउ गरेको छ।

लहान नगरपालिका–४ स्थित एक होटलमा सरकारसँग अनुमति नलिई कतार पठाइदिन्छु भन्दै अन्तर्वार्ता लिइरहेका अवस्थामा मलेशियाली नागरिक अन्दाजी ५१ वर्षीय मोहम्मद रिजुआन बिन अब्दुल्लाह, लहान–२३ का ४२ वर्षीय रामाशङ्कर यादव, २५ वर्षीय रामभरत यादव र ३९ वर्षीय सूर्यनारायण दाव सोमवार पक्राउ परेका हुन्। पक्राउ परेका चारैजनालाई आवश्यक कारबाई शुरू भइसकेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी वीरेन्द्रकुमार पासवानले जानकारी दिए।



पर्सा जिल्लाको ग्रामीण भेग जोड्ने हुलाकी सडकको छेउमा फुलेको काँस (खरई) तस्वीर: राधेश्याम पटेल

# धन्वन्तरि जयन्ती

धनतेरस विशेष



डा रमेश मिश्र

**जहाँ रोग लाग्नबाट बच्न स्वस्थ जीवनशैली, ऋतुचर्या, दिनचर्या, योग, प्राणायाम, भान्सा तथा घरवरिपरिका औषधीय जडीबुटीको संरक्षण संवर्द्धन र उपयोग सम्बन्धित ज्ञान प्रत्येक जनतालाई दिइनेछ र स्वस्थ रहनमा विभिन्न प्रकारले मदत गरिनेछ।**

कात्तिक कृष्ण पक्ष त्रयोदशीको दिन आयुर्वेदका प्रवर्तक भगवान् धन्वन्तरिको जयन्ती प्रत्येक वर्ष आयुर्वेदका चिकित्सक, आयुर्वेद स्वास्थ्यकर्मी तथा आयुर्वेद चिकित्सा पद्धतिसँग जोडिएका सङ्घसंस्था, अस्पताल, वैद्यखानामा भगवान् धन्वन्तरिको पूजा गरिन्छ र आफ्नो र आफ्ना सबैको दीर्घायु एवं सुस्वास्थ्यको कामना गरिन्छ।

यस दिनलाई यस वर्ष राष्ट्रिय आरोग्य दिवस एवं धन्वन्तरि जयन्तीको लागि नारा 'स्वस्थ जीवनमा सात्त्विक आहार: नागरिक आरोग्यताको मजबूत आधार' तय गरिएको छ। यस दिनलाई आयुर्वेदसँग जोडिएका व्यक्ति र सङ्घसंस्थाले राष्ट्रिय आरोग्य दिवसको रूपमा मनाउँछन्। वास्तवमा विश्वमा नै यसै दिनलाई विश्व आरोग्य दिवसको रूपमा मान्नुपर्छ। किनकि प्रत्यक्ष वा अप्रत्यक्षरूपमा अधिकांश देशमा यस दिनलाई धनतेरसको रूपमा मनाइन्छ। जुन धन्वन्तरि तेरसको अपभ्रंश शब्द हो। यस दिन घर–घरमा सरसफाइ गरिन्छ। नयाँ भाँडाकुँडा किन्ने प्रचलन छ। धन्वन्तरि आयुर्वेदका प्रवर्तक हुन्, उनको उत्पत्तिबारे विभिन्न मतहरू छन्। आयुर्वेदका प्रथम प्रचारक र प्रसारक आदिदेव भगवान् धन्वन्तरि निर्विवादरूपले यसको प्रवर्तकको रूपमा प्रतिष्ठित छन्। ऐतिहासिक तथ्यहरूमा दृष्टिगत गर्दा धन्वन्तरि विषयक प्राप्त जानकारी अनुसार धन्वन्तरि नामको सर्वप्रथम उल्लेख वैदिककालमा समुद्र मन्थनको बेला हातमा अमृत कलश धारण गरेका देवताको रूपमा समुद्रबाट उत्पत्ति भएको वर्णन पाइन्छ। हातमा अमृत कलश धारण गरेको कारण उनलाई पियुषपाणि धन्वन्तरि पनि भनिन्छ। यसको अतिरिक्त प्राचीन ग्रन्थहरूबाट प्राप्त विवरणको अनुसार काशीका राजाहरूको वंश परम्परामा राजा दीर्घतपा अथवा राजाधनको रूपमा पनि धन्वन्तरि सिद्ध हुन्छन्। विभिन्न पुराणहरू जस्तै भागवत् पुराण, हरिवंश पुराण एवं ब्रह्म पुराणमा वर्णन गरिएका कथाहरू र प्राचीन ग्रन्थहरूमा वर्णित चर्चित चिकित्सा विशेषज्ञहरूमा मुख्यत: उल्लिखित वर्णित चर्चित चिकित्सा विशेषज्ञहरूमा मुख्यत: उल्लिखित धन/धन्वन्तरि, काशीराज, दिवोदास, अश्विनी कुमार, नकुल र सहदेव। यी चिकित्सा विशेषज्ञहरूमा प्रथम तीनको अत्यधिक चर्चा पाइन्छ। पुराणहरूको अनुसार काशीराज धन्वले पुत्रप्राप्तिको लागि तप गरे र दीर्घतपा उनलाई भनियो। आफ्नो यी दीर्घकालीन तपस्याको परिणामस्वरूप दीर्घतपाले समस्त रोगको नाश गर्ने देव धन्वन्तरिलाई पुत्रको रूपमा प्राप्त गरे। दीर्घतपाको पुत्र धन्वन्तरि आयुर्वेदका प्रवर्तक, यज्ञ भागको अधिकारी एवं विष्णुको अवतार थिए। उनलाई अनिमा, महिमासहित आठवटै सिद्धि प्राप्त थियो तथा उनले स्मरण मात्रले रोगहरूको नाश हुन्थ्यो।

हातमा वैदिक हिन्दू दर्शनका चार उपवेदमध्येका आयुर्वेदको पुस्तक र जडीबुटी लिएका धन्वन्तरिलाई आयुर्वेदका प्रवर्तक मानिन्छ।

आयुर्वेद एउटा जीवन विज्ञान हो। व्यक्ति सम्पूर्ण जीवनकालमा कसरी स्वस्थ रहून् र कुनै कारणले रोग लाग्यो भने उसको उपचारको सम्पूर्ण व्यवस्था छ।



**हिता हितं सुखम् दु:खम आयुस्तस्य हिताहितम्।**
**मानंच तंत्रोक्तम आयुर्वेद स: उच्चयते॥**

अर्थात् आयु हित, आयु अहित, सुख आयु र दु:ख आयु चार प्रकारका हुन्छन् र यसको मान र स्वरूपको वर्णन जुन शास्त्रमा गरिएको हुन्छ, त्यो आयुर्वेद हो।

**स्वस्थस्य स्वास्थ्य रक्षणम्, आतुरस्य विकार प्रशमनम् च।**

अर्थात् आयुर्वेदको प्रयोजन हो स्वस्थ व्यक्तिको स्वास्थ्यको रक्षा र कुनै कारणले रोग लाग्यो भने रोगको उपचार।

आज त्यही धन्वन्तरि भगवान्को पूजा आराधना गरी राखिएको छ। र आयुर्वेदमा दिनको विशेष महत्त्व छ।

आयुर्वेद एउटा जीवन विज्ञान हो। आयुर्वेदमा व्यक्ति कसरी जीवनभरि स्वस्थ रहून् भनी सम्पूर्ण व्यवस्था गरिएको छ। आयुर्वेदको ध्येय अनुसार शरीरमा रोगको प्रतीति नहुनु हो, यतिलाई मात्र पूर्ण स्वस्थ मानिंदैन। अनेक प्राणीहरूको शरीरमा रोग नभए पनि बल, विचार, शक्ति र कर्तव्य शक्तिमा न्यूनता, विषय सेवनको अत्यन्त वासना तथा लोभ, ईर्ष्या, क्रोध, क्रूरता, शत्रुता आदि दुष्य संस्कारहरूको प्रबलता दृष्टिगोचर हुन्छ। जसले ती व्यक्तिहरूको बुद्धि, मन र इन्द्रियहरूमा प्रसन्नता रहँदैन। अत: आचार्यहरूले ती व्यक्तिहरूलाई अस्वस्थ नै मान्छन्। अत: अहिले विश्वमा आयुर्वेद अनुसार धेरैभन्दा धेरै अस्वस्थ व्यक्तिहरूको वृद्धि भइराखेको छ।

**सम दोष समाग्निश्च सम धातु मल क्रिया:।**
**प्रसन्न आत्मेन्द्रिय मन स्वस्थ इत्यभिधीयते॥**

अर्थात् जसको वातादि दोष (वात, पित, कफ) समअवस्थामा छ, अग्नि (जठाराग्नि) समअवस्थामा छ, धातुहरू र मलहरूको काम समुचित भइराखेको छ एवं जसको आत्मा, मन र इन्द्रियहरू प्रसन्न हुन्छन्, त्यस मनुष्यलाई स्वस्थ भनिन्छ।

त्यस्तै, आधुनिक चिकित्सा विज्ञानमा पनि WHO ले भनेको छ Health is a state of complete physical, mental and social well being and not a merely the absence of disease of infirmity.

कल्पना गरौं, प्राचीन चिकित्सा पद्धति आयुर्वेद र आधुनिक चिकित्सा पद्धतिले स्वास्थ्यमा गरेको परिभाषा अनुसार हामीमध्ये विश्वमा कतिजना स्वस्थ छौं।

माथि उल्लिखित परिभाषा अनुसार पूर्ण स्वस्थतालाई प्राप्त गर्ने आधिकारिक व्यक्ति विश्वमा धेरै कम छन्। तथापि लक्ष्य सधैं पूर्ण नै राख्नुपर्छ। यस लक्ष्यलाई प्राप्त गर्न शरीर निरोग हुनुपर्छ। पूर्ण स्वस्थताको लागि नै विश्वमा आयुर्वेदको प्रादुर्भाव भयो। आयुर्वेदको मुख्य प्रयोजन नै स्वस्थ व्यक्तिको स्वास्थ्यको रक्षा गर्नु हो।

**प्रयोजनं चास्य स्वस्थस्य स्वास्थ्य रक्षणम् आतुरस्य विकार प्रशमनम् च।**

अत: आयुर्वेदमा स्वस्थ व्यक्तिको स्वास्थ्यको रक्षा र रोगी व्यक्तिको रोगको सम्पूर्ण उपचारको व्यवस्था गरिएको छ।

स्वस्थ व्यक्तिको स्वास्थ्यको रक्षाको लागि दिनचर्या, ऋतु चर्या, आहार (सकेसम्म सात्त्विक आहार ग्रहण गर्नुपर्छ) विहार, योग, प्राणायामको व्यवस्था गरिएका छन् भने रोगलाई निर्मूल गर्न शोधन र शमनको व्यवस्था गरिएको छ। जसबाट रोग लागे रोगीको उपचार गरिन्छ।

हाल विश्वमा रोगहरू व्यापकरूपमा फैलिरहेका छन्। एकातिर नसर्ने रोगहरू मुटुरोग, क्यान्सर, वातरोग, श्वाससम्बन्धी रोग, मधुमेह, मिर्गौला, उच्च रक्तचाप, मोटोपन, कुपोषण सम्बन्धित रोग, मानसिक रोग जस्ता रोगहरू व्यापकरूपमा फैलिराखेका छन् भने सर्ने रोगहरू पनि बेलाबेलामा महामारीका रूपमा फैलिराखेको छ। जो अहिले कोरोना भाइरसबाट कोभिड–१९ को महामारीले सिद्ध गरिसकेको छ। यी सबै अवस्था ध्यानमा राख्दै नेपाल सरकारले नीति तथा कार्यक्रममा स्वस्थ नागरिक, स्वस्थ समाज र स्वस्थ जीवन भन्ने अवधारणालाई कार्यान्वयनमा ल्याउन टोलटोलमा नागरिक आरोग्य कार्यक्रम सञ्चालन गरिनेछ भनी उद्घोष गरेको छ। यसको उद्देश्य मेरो स्वास्थ्य मेरो जिम्मेवारी भन्ने नारालाई सार्थक पार्न आम नागरिकलाई शारीरिक, मानसिक र आध्यात्मिकरूपमा स्वस्थ एवं सबल बनाइ विश्वव्यापीरूपमा फैलिँदै गएको नसर्ने रोगको प्रकोपलाई न्यूनीकरण गर्न स्थानीय परिवेश र आवश्यकता अनुसार उपलब्ध स्रोतहरूलाई उपयुक्त लचकता अनुसार परिचालन गरी स्वास्थ्य सेवाका तहमा नागरिकहरूको सशक्त सहभागितामार्फत आयुर्वेद योग तथा जडीबुटीको माध्यमबाट शारीरिक तथा मानसिकरूपमा स्वस्थ शरीर, सकारात्मक सोच र व्यक्तित्व विकास गरी स्वस्थ समाज निर्माण गर्नको लागि नागरिक आरोग्य सेवा केन्द्रको अवधारणा ल्याएको छ।

जहाँ रोग लाग्नबाट बच्न स्वस्थ जीवनशैली, ऋतुचर्या, दिनचर्या, योग, प्राणायाम, भान्सा तथा घरवरिपरिका औषधीय जडीबुटीको संरक्षण संवर्द्धन र उपयोग सम्बन्धित ज्ञान प्रत्येक जनतालाई दिइनेछ र स्वस्थ रहनमा विभिन्न प्रकारले मदत गरिनेछ। साथै कुनै कारणले रोग लाग्यो भने त्यसको प्राथमिक उपचार गरिनेछ र रोगको अवस्था अनुसार माथिल्लो निकायहरूमा प्रेषण गरिनेछ।

अन्तमा धन्वन्तरि भगवान्ले सबै व्यक्तिलाई निरोगी राखून् भन्ने हाम्रो शुभकामना छ।

– डा रमेश मिश्र पूर्व कन्सल्टेन्ट आयुर्वेद विज्ञ, मधेस प्रदेश स्वास्थ्य निर्देशनालय

# नेपालको वर्तमान राजनीतिक अवस्थाप्रति लन्डनस्थित राजदूतावासलाई ज्ञापन

बेलायत, १३ कात्तिक/

रास्वपा समर्थित नेपालीहरूको सङ्गठन प्रवास नेपाली सम्पर्क विभाग (युके)ले नेपालका वर्तमान राजनीतिक तथा सामाजिक मुद्दाहरूप्रति ध्यानाकर्षण गर्दै प्रधानमन्त्रीलाई सम्बोधित एक ज्ञापनपत्र लन्डनस्थित राजदूतावासलाई बुझाएको छ।

८७ अर्बभन्दा बढी रकम अपचलन भएको सहकारी मुद्दालाई ओझेलमा पार्ने बदनियतका साथ रास्वपा सभापति रवि लामिछानेलाई राजनीतिक प्रतिशोधको भावले पक्राउ गरिएकोप्रति विरोध तथा भर्त्सना गर्दै लामिछानेलाई यथाशीघ्र रिहा गर्नुपर्ने मागसहित लन्डनस्थित राजदूतावासमा युके विभागले ज्ञापनपत्र बुझाएको हो।

रास्वपा युकेले ज्ञापनपत्र बुझाउनको लागि केही दिन अगाडि राजदूतावासमा समय माग्दा समय दिन नमानेपछि सामाजिक सञ्जालमा असन्तुष्टि जाहेर भएपश्चात् मात्र हिजोको लागि समय उपलब्ध गराएको र सभापति पवन शर्मा नेतृत्वको टोलीले दूतावास पुगेर कार्यवाहक राजदूत विपिन दुवाडीलाई ज्ञापनपत्र बुझाएको हो।

ज्ञापनपत्रमा सहकारी ठगीसम्बन्धी संसदीय छानबीन समितिले प्रतिवेदन अनुसार वास्तविक ठगीमा संलग्न



व्यक्तिहरूलाई कारबाई गर्न र जनताको रकम फिर्ता दिलाउनुपर्ने दायित्वबाट विमुख भई रवि लामिछानेलाई राजनीतिक प्रतिशोधका आधारमा हिरासतमा लिएको घटनाको भर्त्सना गरिएको छ।

त्यस्तै, ज्ञापनपत्रमा सहकारी ठगीमा संलग्न पुराना दलका नेताहरूमाथि अनुसन्धान गर्न, सहकारीपीडितको रकम फिर्ता गराउन र भुटानी शरणार्थी, ललिता निवासलगायतका अन्य ठूला भ्रष्टाचारकाण्डका फाइल खोल्नसमेत रास्वपा युकेले माग गरेको छ।

रास्वपा युके सभापति पवन शर्माको नेतृत्वमा बुझाइएको सो ज्ञापनपत्र बुझ्दै कार्यवाहक राजदूत दुवाडीले चाँडै सम्बन्धित निकायसम्म पुऱ्याइदिने आश्वासन दिए।

स्मरण रहोस्, रास्वपा युकेले ज्ञापनपत्र बुझाउनको लागि केही दिन अगाडि राजदूतावासमा समय माग्दा समय दिन आनाकानी गरेको थियो। यही विषयलाई लिएर रास्वपा युके विभागले सामाजिक सञ्जालमार्फत असन्तुष्टि जाहेर गरेपश्चात् भने राजदूतावासले समय उपलब्ध गराएको हो।

# एउटै नदीमा पाँच जलविद्युत् आयोजना

सन्तोष गौतम, रासस, म्याग्दी, १३ कात्तिक/

जिल्लाको रघुगङ्गा गाउँपालिमा १६७.३ मेगावाट क्षमताको पाँचवटा जलविद्युत् आयोजना निर्माणको अन्तिम चरणमा पुगेका छन् । संसारको सातौं (८,१६७ मिटर) अग्लो धवलागिरि हिमालको फेदीमा मुहान रहेको राहुघाट र सहायक नदीमा निर्माणाधीन आयोजनाले एकैसाथ विद्युत् उत्पादनको तयारी गरेका हुन् ।

तीनवटा आयोजनाको भौतिक प्रगति ८० प्रतिशतभन्दा बढी रहेको रघुगङ्गा गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीले जानकारी दिए । उनका अनुसार ५० प्रतिशत निर्माण सकिएको २२.५ मेगावाट क्षमताको ठूलोखोला जलविद्युत् आयोजनाले पनि आगामी एक वर्षभित्र विद्युत् उत्पादनको तयारी गरेको छ ।

"८५ प्रतिशतभन्दा बढी भौतिक प्रगति भएको ४८ मेगावाट क्षमताको अपर राहुघाट, ३७.५ मेगावाट क्षमताको मङ्ले राहुघाट र २१.३ मेगावाटको ठूलोखोला जलविद्युत् आयोजना एकैसाथ सम्पन्न हुने चरणमा छन्"–अध्यक्ष भडारीले भने–"४० मेगावाट क्षमताको राहुघाट र २२.५ मेगावाट क्षमताको माथिल्लो ठूलोखोलाको निर्माणले पनि गति लिएको छ ।"

### राहुघाटले एक वर्षभित्र उत्पादन सुरू गर्ने

नेपाल विद्युत् प्राधिकरणाको शतप्रतिशत लगानीमा स्थापित रघुगङ्गा हाइड्रोपावर लिमिटेड प्रवर्द्धक रहेको राहुघाट जलविद्युत् आयोजनाले सन् २०२५ मार्च महीनाभित्र विद्युत् उत्पादन शुरू गर्ने कार्ययोजनासहित काम गरिरहेको आयोजनाका व्यवस्थापक राज विष्टले बताए । गत साउनमा ६.२७० किलोमिटर लामो सुरुङको ब्रेक–थ्रु भएको राहुघाटको बाँध र विद्युत्गृहको अधिकांश संरचना निर्माण सकिएको उनले बताए ।

### तुदी पावरका दुई आयोजना

अपर राहुघाट र मङ्ले राहुघाटको प्रवर्द्धक तुदी हाइड्रोपावरका आवासीय इन्जिनीयर प्रकाश तिमिल्सिनाले दुईवटै आयोजनाको सुरुङ निर्माण सकिएको, विद्युत्गृह, बाँध निर्माण अन्तिम चरणमा पुगेको जानकारी दिए । राहुघाटको बाँधदेखि करीब ४०० मिटर माथि अपर




राहुघाटको विद्युत्गृह छ ।

रु १४ अर्ब लागतमा विसं २०७७ मा मङ्ले राहुघाट र राहुघाट जलविद्युत् आयोजना निर्माण शुरू भएको थियो । चारदेखि पाँच महीनाभित्र विद्युत् उत्पादन गर्ने लक्ष्यसहित निर्माणलाई तीव्रता दिइएको अपर राहुघाटका इन्जिनीयर नरोत्तम कार्कीले बताए ।

### प्रसारण लाइनको पर्खाइमा ठूलोखोला

संयुक्त ऊर्जा लिमिटेड प्रवर्द्धक रहेको २१.२ मेगावाट क्षमताको ठूलोखोला जलविद्युत् आयोजनाले पूर्वाधार निर्माण सकेको छ । मन्त्रिपरिषद्को यही कात्तिक ८ गतेको बैठकले ठूलोखोला जलविद्युत् आयोजनाको २२० केभी क्षमताको प्रसारण लाइन आयोजना निर्माणका लागि ६.०६ हेक्टर राष्ट्रिय वन क्षेत्रको जग्गा प्रयोग गर्न स्वीकृति दिने निर्णय गरेको थियो ।

उक्त आयोजनाले प्रसारण लाइन र सबस्टेशनको प्रतीक्षा गरिरहेको आयोजनाका आवासीय इन्जिनीयर सञ्जीव न्यौपानेले बताए । २२.५ मेगावाट क्षमताको माथिल्लो ठूलोखोला जलविद्युत् आयोजनाको बाँध, पेनस्टक पाइपलाइन निर्माणलाई तीव्रता दिइएको भन्दै विद्युत्गृह निर्माण शुरू भएको आयोजनाको करीब ६० प्रतिशत भौतिक प्रगति भएको उनले जानकारी दिए ।

माथिल्लो ठूलोखोलाबाहेक आयोजनाबाट उत्पादित विद्युत् केन्द्रीय प्रसारण लाइनमा जोड्न रघुगङ्गा–३ अम्बाङको राहुघाट सबस्टेशनबाट केन्द्रीय ग्रीडमा जोडिने छ । माथिल्लो ठूलोखोलाको बिजुली भने दाना सबस्टेशनमा लैजान प्रसारण लाइन निर्माण थालिएको छ ।

राहुघाट र आसपासका खोलामा ५.५ मेगावाट क्षमताको बगरखोला, ४.७५ मेगावाटको स्यानोखोला, ४.९० मेगावाटको अपर ठूलोखोला र १५ मेगावाटको माथिल्लो ठूलोखोला जलविद्युत् आयोजना निर्माण अन्तिम चरणमा छन् ।

### प्रसारण लाइन र सबस्टेशन निर्माणाधीन

नेपाल विद्युत् प्राधिकरणमार्फत म्याग्दी र राहुघाट नदीमा निर्माणाधीन तथा निर्माणको क्रममा रहेका आयोजनाबाट उत्पादन हुने विद्युत् राष्ट्रिय प्रणालीमा आबद्ध गराउन एशियाली विकास बैंकको ऋणमा सबस्टेशन र प्रसारण लाइन निर्माणाधीन छन् ।

मालिका गाउँपालिका–७ बिमबाट रघुगङ्गा गाउँपालिका–३ राहुघाटको अम्वाङ जोड्ने १३२ केभी क्षमताको प्रसारण लाइन र दुवै ठाउँमा सबस्टेशन निर्माणका लागि सन् २०२१ को डिसेम्बर ३१ मा भारतीय कम्पनी लार्सन एन्ड टियुब्रो (एलएनटी) सँग २६ मिलियन अमेरिकी डलरमा ठेक्का सम्झौता भएको थियो ।

निर्धारित ३० महीनामा काम सम्पन्न नभएपछि सम्झौताको म्याद १५ महीना थपिएको छ । आयोजना प्रमुख रोशन अग्रवालले गत जुलाई १६ मा सकिएको ठेक्का सम्झौताको म्याद सन् २०२५ को नोभेम्बर १६ सम्म थप भएको जानकारी दिए ।

"तीस महीनाको अवधिमा समग्रमा ५० प्रतिशतभन्दा बढी भौतिक प्रगति भएको छ"–उनले भने–"राहुघाटमा कमजोर भू–बनोट र विपद्को जोखिम, वन क्षेत्रमा टावर निर्माणका लागि अनुमति पाउन भएको ढिलाइ र केही टावर निर्माण स्थलमा समुदायको विवादले आयोजना निर्माण अवधि लम्बिएको हो ।"

१३३/३३ केभी, ३० एमभिए क्षमता र एआइएस प्रविधिको उपकरण जडान गरिने डाँडाखेत सबस्टेशनको सिभिलतर्फको ६० प्रतिशत भौतिक प्रगति भएको छ । भूमिगत पानी र पहिरो प्रभावित राहुघाटमा सबस्टेशनको डिजाइनमा समस्या भएकोले ठेक्का सम्झौताको २७ महीनापछि गत जेठ महीनादेखि नेपाली सहायक ठेकेदार डिएल स्ट्रक्चरले काम थालेको थियो ।

दुई २०/१३२/३३ केभी, २०० एमभिए क्षमताको उपकरण जडान हुने जिआइएस प्रविधिको राहुघाट सबस्टेशनमा उपकरण राख्ने र कार्यालयको भवन बनाउन जग्गाको प्लट बनाउने कामलाई तीव्रता दिइएको एनएलटीका आयोजना व्यवस्थापक सुवासचन्द्र शर्माले बताए ।

अम्बाङमा सबस्टेशन बनाउन पाँच वर्ष अघि ९० रोपनी जग्गा अधिग्रहण भएको थियो । १३२ केभी क्षमताको डबल सर्किट प्रसारण लाइनको ८२ टावरमध्ये हालसम्म करीब ४० वटा निर्माण सकिएको छ ।

रघुगङ्गा गाउँपालिकाको वडा नं ३, बेनी नगरपालिकाको ९, १०, मङ्गला गाउँपालिकाको वडा नं १, मालिकाको वडा नं ६ र ७ मा प्रसारण लाइनको टावर निर्माणस्थल हुन् । म्याग्दी नदीमा १७२.८ मेगावाट क्षमताको चार वटा जलविद्युत् आयोजना निर्माण शुरू भएका छन् ।

# चाडपर्वले चलायमान अर्थतन्त्र

अजयकुमार साह
धनुषा, १३ कात्तिक/रासस

जनकपुरधामका अर्थशास्त्र विषयमा लामो समयदेखि प्राध्यापन गर्दै आएका उज्ज्वल दाहाल वर्षभरि हुने घरायसी खर्चको एकतिहाइ दशैंमा खर्च हुने गरेको बताउँछन् । उद्योगी–व्यवसायीले दशैं, तिहार र छठ पर्वसँगै वस्तु र सेवाको व्यापारका लागि नयाँनयाँ छुटका कार्यक्रमहरूसहित ग्राहकलाई लोभ्याउने गर्दा पनि खर्च गर्ने क्रम अन्य समयको तुलनामा बढी नै हुने गरेको उनको भनाइ छ ।

साउने सङ्क्रान्तिपछि बिस्तारै चाडपर्व शुरू हुन थालेसँगै बजार चलायमान हुने गर्छ । मधेस प्रदेशको राजधानी जनकपुधामलगायत देशका मुख्य शहरका पार्टी प्यालेसले पनि यस अवधिमा राम्रै आम्दानी गर्ने गर्छन् । यतिबेला किराना सामानदेखि लत्ताकपडा, गरगहना, सवारीसाधन, माछामासु, मदिरा, हल्का पेयपदार्थ, मोबाइल, टेलिभिजन, कपडा धुने मेशीन, फ्रिजलगायत विद्युतीय उपकरणाका पसलहरूमा किनमेल गर्नेहरूको भीड अत्यधिक देखिने गर्छ । वस्तुका अतिरिक्त सेवा क्षेत्रमा सार्वजनिक सवारीसाधन, होटल रेस्टुरेन्ट, एयरलाइन्सको व्यापारमा पनि बढोत्तरी देखिएको छ ।

दशैं, दीपावली र छठ पर्वको व्यापारले वर्षभरिको व्यापार–चक्रलाई ठूलो भरणपोषण गर्ने जनकपुरधाम उद्योग वाणिज्य सङघका अध्यक्ष सुरेन्द्र भण्डारी बताउँछन् । फर्निचर, इलेक्ट्रोनिक्स, ग्याजेटलगायत खरीदकर्तालाई दशैं, तिहारको बेला दिने छुट नै पर्खेर बस्ने बानी लागिसकेको उनको भनाइ छ । अहिले इन्टरनेट सेवाप्रदायक, ट्राभल एजेन्सी, सञ्चार सेवाप्रदायक तथा होटल रेस्टुरेन्टले दशैंदेखि छठसम्म छुट र उपहारका


दाङको घोराही उपमहानगरपालिका–१५ स्थित न्यूरोडको भाँडा पसलमा धन्तेर सको दिन मङ्लवार भाँडाकुँडा किन्दै सर्वसाधारण । तस्बिरः रासस

विविध योजना ल्याएर ग्राहकलाई आकर्षित गर्न खोजिरहेको हुँदा हरेक बजार मात्र होइन, सपिङ कम्प्लेक्सदेखि अनलाइन सपिङमा किनमेलको चाप बढ्दो छ ।

अर्थविद्हरूका अनुसार दशैं, तिहार अघिका दुई–तीन हप्ताको अवधिमा वर्षभरिको कुल राष्ट्रिय उपभोगको २० प्रतिशत जति उपभोग हुने देखिन्छ । दशैं तिहारलाई लक्षित गरी नयाँ सवारीसाधन खरीदमा छुट, सस्तो ब्याजदरमा ऋण उपलब्ध गराउने घोषणा यही बेला हुनाले पनि अर्थतन्त्र चलायमान हुने गरेको अर्थशास्त्रका प्राध्यापक प्रभात घिमिरे बताउँछन् । "कतिपयमा यही समयमा खरीद गर्नुपर्छ भन्ने मानसिकता विकसित भएको देखिन्छ"–उनी भन्छन् ।

रोजगार वा अध्ययनका लागि नेपालबाहिर रहेका व्यक्तिहरू पनि दशैं, तिहार र छठ पर्व मनाउन आआफ्नो गाउँघर आउने गर्दछन् । सर्वसाधारणले पनि ठूला चाडपर्वका लागि रकमको जोहो गर्ने र यही समयमा बढी खर्च गर्ने गरेको पाइन्छ । सरकारले दशैंको अवसर पारेर आफ्ना कर्मचारीलाई एक महीनाको तलब दिने गर्दछ भने अन्य सङ्घसंस्था, बैंक तथा वित्तीय संस्था र व्यापारिक प्रतिष्ठानहरूले पनि कर्मचारी, कामदारलाई केही खर्च दिने हुँदा बजारमा पैसा लेनदेन हुने भएकोले अर्थतन्त्र चलायमान बनाउन सहयोग पुग्ने अर्थशास्त्री डा सुरेन्द्र लाभको भनाइ छ ।

दशैं, तिहार र छठ पर्वसम्म बजारमा करस्ब रु पाँच अर्बको कारोबार हुने डा लाभ बताउँछन् । मुलुकमा निजामती, शिक्षक, सेना, प्रहरीलगायत करीब पाँच लाख सरकारी कर्मचारी छन् । प्रतिकर्मचारीको मासिक तलब सरदर ३५ हजारका दरले हिसाब गर्दा एकमुस्ट रु १७ अर्ब ५० करोड हुन्छ । एक महीनाको तलब बराबर दशैं खर्च पाइन्छ । त्यसैगरी, करीब सवा नौ लाख उद्योग, प्रतिष्ठान, कलकारखाना, साना तथा मझौला व्यवसायमा कार्यरत ३२ लाख कर्मचारी छन् । ती कर्मचारीले सरदर मासिक तलब रु १५ हजारका दरले हिसाब गर्दा एकमुरुट रु ४८ अर्ब हुन्छ । उनीहरूले तलबका अतिरिक्त दशैं भत्ता मात्रै करीब रु ६६ अर्ब पाउँछन् ।

यसबाहेक व्यापार–व्यवसाय, खेतीपाती गर्नेले पनि दशैंमा राम्रै खर्च गर्छन् । वैदेशिक रोजगारमा गएकाले दशैं, तिहार र छठ पर्व मनाउन घरमा पैसा पठाउने गर्छन् । विदेश बस्ने नेपालीले यही समयमा बढी विप्रेषण पठाउने गरेका छन् । अन्य महीनाको तुलनामा दशैंमा करीब २५ देखि ३० प्रतिशत बढी रकम विप्रेषण आउने गरेको नेपाल राष्ट्र बैंकको तथ्याङ्कले देखाउँछ ।

राष्ट्र बैंकको तथ्याङ्क अनुसार गत साउन र भदौमा विप्रेषणमार्फत रु दुई खर्ब ६३ अर्ब १४ करोड मुलुक भित्रिएको छ । गत वर्षको सोही अवधिको तुलनामा यस वर्ष विप्रेषण आप्रवाह १५.२ प्रतिशतले बढेको हो । औसतमा दशैंताका मात्र करीब रु १०–१५ अर्ब विप्रेषण नेपाल भित्रिन्छ । यसमा भारतमा काम गर्न गएका नेपालीले दशैंमा घर फर्किंदा लिएर आउने रकम भने जोडिएको छैन । भारतमा हजारौंको सङ्ख्यामा नेपाली कार्यरत रहेकाले पनि यसको हिस्सा नेपालको अर्थतन्त्रमा फराकिलो हुने गर्दछ ।

दशैंले बजारमा चहलपहल बढाएको नेपाल चेम्बर अफ कमर्स मधेस प्रदेशका अध्यक्ष पवन ठाकुर बताउँछन् । उनी

(बाँकी पाँचौं पातामा)

## फरक समाचार

# वैवाहिक जीवनका लागि खतरनाक व्यवहार

वैवाहिक जीवनमा प्रेम, सम्मान र आपसी समझदारी हुनुपर्छ । तर कहिलेकाहीं केही व्यवहार यस्ता हुन्छन्, जसले सम्बन्धलाई भित्रबाट खोक्रो बनाइदिन्छ ।



यस्ता व्यवहारले बिस्तारै सम्बन्ध बिगार्छ र आपसी सम्बन्धमा फाटो पनि ल्याउन सक्छ । दाम्पत्य जीवनमा असर पुऱ्याउने केही हानिकारक बानीहरूबारे जानकारी लिइराखौं ।

**बेवास्ता र कुराकानी नगर्नु :** जब पति–पत्नी एकअर्काको कुरालाई बेवास्ता गर्न थाल्छन् वा खुलेर कुरा गर्दैनन्, यो सम्बन्धको लागि खतराको घण्टी हुन सक्छ । सफल वैवाहिक सम्बन्धका लागि कुराकानी सबैभन्दा महत्त्वपूर्ण घटक हो । यदि कुराकानी केवल आवश्यक कामसम्म सीमित छ भने यो गम्भीर समस्या हुन सक्छ ।

**आफैंमा मात्र ध्यान दिने :** यदि तपाईं आफ्नो आवश्यकता र इच्छामा मात्र ध्यान दिनुहुन्छ र आफ्नो पार्टनरको भावना वा आवश्यकताको बेवास्ता गर्नुहुन्छ भने यस्तो व्यवहार पनि सम्बन्धको लागि हानिकारक हुन सक्छ । विवाह भनेको आपसी सहयोग र समझदारीको नाम हो तर यदि एक व्यक्तिको मात्रै स्वार्थ महत्त्वपूर्ण हुन्छ भने यो सम्बन्ध धेरै दिन टिक्न सक्दैन ।

**भावनात्मक वा शारीरिक दूरी :** कुनै पनि सम्बन्धमा भावनात्मक र शारीरिक सम्बन्ध धेरै महत्त्वपूर्ण हुन्छ । यदि एक पार्टनरले अर्कोसँग भावनात्मक वा शारीरिक दूरी बनाउन थाल्छ भने यसले सम्बन्धमा तनाव र असन्तुष्टि सिर्जना गर्न सक्छ । यस प्रकारको दूरीले अक्सर सम्बन्धलाई कमजोर बनाउँछ र अर्को व्यक्तिलाई असुरक्षित महसूस गराउँछ ।

**विनाकारण ईर्ष्या र शङ्का गर्ने :** जब सम्बन्धमा अनावश्यक ईर्ष्या र शङ्काको भावना बारम्बार उत्पन्न हुन्छ, यसले सम्बन्ध बिगार्न सक्छ । अनावश्यक शङ्का र ईर्ष्याले एकअर्काको विश्वासलाई नष्ट गर्छ, र सम्बन्ध तनावपूर्ण हुन्छ ।

**अपमानजनक भाषा वा व्यवहार :** सम्बन्धमा यदि एक पार्टनरले अपमानजनक भाषा प्रयोग गर्छ वा भावनात्मकरूपमा अर्कोलाई चोट पुऱ्याउँछ भने यो गम्भीर सम्बन्धको लागि निकै खतरा हुन्छ । इज्जत र सम्मान सफल दाम्पत्य जीवनको आधार हो र दुर्व्यवहारले यो आधारलाई कमजोर बनाउँछ ।

# कोभिड भएकाहरूमा साससम्बन्धी समस्या हुनु सामान्य



कोभिड भाइरसको महामारी समाप्त भइसकेको छ । तर धेरै मानिस कोभिडबाट निको भएर पनि लामो समयसम्म स्वास्थ्य समस्याको सामना गरिरहेका छन् । बेलायतको अक्सफोर्ड युनिभर्सिटीका अन्वेषकहरूले एउटा अध्ययनमा एक लाख ९० हजार सहभागीहरूको तथ्याङ्कको विश्लेषण गरेका थिए, जसमा कोभिडका कारण तल्लो श्वासप्रश्वास नलीको सङ्क्रमण (एलआरटिआई)का कारण अस्पतालमा भर्ना भएका मानिसहरूको तुलना गरेका थिए ।

अन्वेषकहरूले सहभागीहरूलाई दुई समूहमा विभाजन गरे । एउटा समूह कोभिडका कारण अस्पतालमा भर्ना भएका मानिसहरूको थियो भने अर्को समूह एलआरटिआईका कारण भर्ना भएका मानिसहरूको थियो । सहभागीहरूले ४५ वटा शारीरिक र मानसिक लक्षणहरूको जानकारी दिएका थिए, जसमा कान, नाक, घाँटी, श्वासप्रश्वास, स्नायु प्रणाली, पाचन प्रणाली र मांसपेशीसँग सम्बन्धित लक्षणहरू समावेश थिए ।

अध्ययनको नतीजा जेएमएमए नेटवर्क ओपनमा प्रकाशित भएको छ । यस अनुसार कोभिडबाट अस्पतालमा भर्ना भएका व्यक्तिमा ४५ लक्षणमध्ये २३ वटा बढी जोखिमपूर्ण रहेका थिए भने एलआरटिआईबाट प्रभावित व्यक्तिमा यो सङ्ख्या १८ थियो । अनुसन्धानकर्ता डा जुनकिङ शी अनुसार कोभिडपछि लामो समयसम्म लक्षणहरू देखिनु नयाँ कुरा होइन । यो श्वासप्रश्वाससम्बन्धी अन्य गम्भीर सङ्क्रमणहरूमा पनि देखिएको थियो ।

**कोभिडका मुख्य लक्षण :** कोभिडका बिरामीहरूले थकान, सास फेर्न गाह्रो हुने र एकाग्रताको कमी जस्ता लक्षणहरूको सामना गरिरहेको डा जुनकिङले बताए । अघिल्लो अध्ययनहरूले पनि स्वाद गुमाउने जस्ता लक्षणहरू उल्लेख गरेका थिए । यस अध्ययनले यो पनि पत्ता लगाएको छ कि कोभिड बिरामीहरूमा सोच्न र संवाद गर्न कठिनाइ अन्य श्वासप्रश्वास सङ्क्रमणहरूको तुलनामा बढी थियो ।


– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## भारतीय मन्दिरमा पटका विस्फोटमा १५० भन्दा बढी घाइते

मुम्बई, १३ कात्तिक/एएफपी

भारतको एउटा मन्दिरमा पटका प्रदर्शनी भयानक विस्फोटमा परिणत भएपछि करीब सयजना अस्पताल भर्ना भएका र आठजनाको अवस्था गम्भीर रहेको प्रहरीले मङ्गलवार बताएको छ। प्रहरीले घटनामा दुईजनालाई नियन्त्रणमा लिएको छ।



मन्दिरमा पटका विस्फोट भएपछि जम्मा भएका स्थानीय। तस्वीरः एएफपी

भारतीय पत्रपत्रिकाहरूले पोस्ट गरेका भिडियोहरूमा देखाए अनुसार सोमवार साँझ दक्षिणी राज्य केरलाको नीलेश्वरमस्थित एउटा हिन्दू मन्दिर वरिपरि सयौं मानिस आतिशबाजी हेर्न भेला भएका थिए।

भिडियोमा त्यसपछि एउटा भवन भित्रबाट चर्को आवाज सुनिन्छ र एक शक्तिशाली आगोको गोला आकाशमा माथि उठ्छ।

"करीब आठजनाको अवस्था गम्भीर छ र १५४ जना जति घाइते भएको रिपोर्ट छ, तीमध्ये ९७ जना अस्पतालमा भर्ना छन्"–स्थानीय प्रहरी प्रमुख शिल्पा द्यवैयाले भनिन्–"उनीहरूले पटाका भण्डारण गरिएको ठाउँ नजीकै पटाका फुटाएका थिए।" द्यवैयाले फुटेका पटाकाका झिल्काहरू भण्डारण गरिएको पटाकासम्म पुगेको बताइन्।

भारतीय सञ्चारमाध्यमहरूले अधिकारीहरूलाई उद्धृत गर्दै बाक्लो भीडमा रहेका मानिसहरूको अनुहार र हातमा जलन भएको बताएका छन्।

स्थानीय सरकारी अधिकारी के. इन्बाशेखरले पटाका प्रदर्शनीका लागि कुनै अनुमति नदिइएको बताए। द हिन्दू पत्रिकाले मन्दिरका अध्यक्ष र सचिवलाई हिरासतमा लिइएको जनाएको छ।

भारतमा धार्मिक जमघटहरूमा सुरक्षा कमजोरी र भीड व्यवस्थापनमा कमीका कारण घातक घटनाहरूको दुःखद इतिहास छ।

सन् २०१६ मा हिन्दू नयाँ वर्षको अवसरमा एउटा मन्दिरमा प्रतिबन्धित पटाका प्रदर्शनीमा भएको ठूलो विस्फोटमा कम्तीमा ११२ जनाको मृत्यु भएको थियो।

भारत यस हप्ताको अन्त्यमा हिन्दू चाड दीपावलीको अवसरमा हुने प्रमुख आतिशबाजीका लागि तयार हुँदैछ। यो भव्य र रङ्गीन चाडमा हिन्दू देवी लक्ष्मीको पूजा गरिन्छ र अँध्यारोमाथि उज्यालोको विजयको प्रतीक मानिन्छ।

पटाकाले हानिकारक तीतो धूवाँ फैलाउँछ। राजधानी नयाँ दिल्लीले खतरनाक वायु प्रदूषण रोक्न पटाकामा प्रतिबन्ध लगाएको छ।

हिन्दू भक्तजनको पटाकाप्रतिको बलियो धार्मिक भावनाका कारण प्रहरी प्रायः उल्लङ्घनकर्ताहरूविरुद्ध कारबाई गर्न अनिच्छुक हुन्छन्। रासस

## इजरायलद्वारा युएनआरडब्लुए प्रतिबन्धित कानून पारित

वाशिङ्टन, १३ कात्तिक/एएफपी

वाशिङ्टनले उत्तर कोरियाले १० हजार सैनिक रूसमा तालीमका लागि पठाएको र सम्भवतः केही हप्तामैं युक्रेनविरुद्ध लड्ने सम्भावना रहेको बताएको छ।

सोलले मङ्गलवार चेतावनी दिंदै यो तीव्र तैनाथीले 'महत्त्वपूर्ण सुरक्षा खतरा' उत्पन्न गरेको बताएको छ। सोलले लामो समयदेखि आणविक–सशस्त्र उत्तर कोरियाले मस्कोलाई किभविरुद्ध लड्न हतियार पठाएको आरोप लगाउँदै आएको छ।

उत्तर कोरियाली नेता किम जोङ उनले जूनमा रूसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग पारस्परिक रक्षा सम्झौतामा हस्ताक्षर गरेपछि प्योङयाङले ठूलो सङ्ख्यामा सैनिक तैनाथ गर्न थालेको सोलको आरोप छ।

उत्तर कोरियाले सैनिक पठाएको अस्वीकार गरेको छ। यद्यपि गत हप्ता सरकारी मिडियामा पहिलो टिप्पणीमा उत्तर कोरियाली उपविदेशमन्त्रीले यस्तो तैनाथी भएमा यो अन्तर्राष्ट्रिय कानून अनुरूप हुने बताएका थिए।

युक्रेनका राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले उत्तर कोरियाले 'चाँडै' रूसी भूमिमा १२ हजारसम्म सैनिक पठाउन सक्ने चेतावनी दिएका छन्। जबकि अमेरिकी राष्ट्रपति जो बाइडेनले यस तैनाथीलाई 'अत्यन्त खतरनाक' भन्दै आलोचना गरेका छन्।

पेन्टागनकी उपप्रेस सचिव साब्रिना सिंहले पत्रकारहरूलाई बताए अनुसार उत्तर कोरियाले पूर्वी रूसमा तालीमका लागि कुल १० हजार सैनिक पठाएको छ र यसले सम्भवतः आगामी केही हप्तामा युक्रेन नजीक रूसी सैनिकको सङ्ख्या बढाउनेछ।

नाटो प्रमुख मार्क रूटले यो तैनाथी 'रूसको युद्धको खतरनाक विस्तार' हो, र यो 'पुटिनको बढ्दो निराशाको सङ्केत' हो भने।

रूटका अनुसार द्वन्द्व शुरू भएयता छ लाखभन्दा बढी रूसी सैनिक मारिएका वा घाइते भएका छन् र क्रेमलिन विदेशी समर्थनविना आक्रमण जारी राख्न असमर्थ छ।

दक्षिण कोरियाली गुप्तचर अधिकारीहरूसँग भएको ब्रिफिङपछि ब्रसेल्समा उनले उत्तर कोरियाली सैन्य एकाइहरू रूसको पश्चिमी कुर्स्क क्षेत्रमा तैनाथ गरिएको बताए।

### उपग्रह प्रक्षेपण ?

दक्षिण कोरियाली राष्ट्रपति युन सुक येओलले मङ्गलवार मस्को र प्योङयाङबीच बढ्दो सैन्य सहयोग 'अन्तर्राष्ट्रिय समुदायका लागि महत्त्वपूर्ण सुरक्षा खतरा' भन्दै सोलले 'प्रतिकार्य' बारे विचार गरिरहेको चेतावनी दिए।

सोलका जासूसी निकायले सांसदहरूलाई दुई देशबीच तीव्र सैन्य सहयोग भइरहेको सङ्केत गर्दै उच्चपदस्थ उत्तर कोरियाली जनरलहरू पनि 'अग्रपङ्क्तिका क्षेत्रहरूमा जान सक्ने' बताएको छ।

एएफपीले प्राप्त गरेको प्रतिलिपि अनुसार सांसदहरूलाई ब्रिफिङपछि उत्तरले मेमा असफल प्रयासपछि 'उन्नत घटकहरू र रूसी प्राविधिक सहायता प्रयोग गरेर' अर्को उपग्रह प्रक्षेपणको तयारी गरिरहेको चेतावनी दिएको सांसद ली सेओङ–क्वेउनले बताए।

विशेषज्ञहरूका अनुसार सैनिक पठाएबापत उत्तर कोरियाले निगरानी उपग्रहदेखि पनडुब्बीसम्मका सैन्य प्रविधि र मस्कोबाट सम्भावित सुरक्षा प्रत्याभूति प्राप्त गर्ने लक्ष्य राखेको छ।

उत्तरले रूस तैनाथीबारे सूचना प्रवाहलाई आन्तरिकरूपमा पनि नियन्त्रण गरिरहेको जासूसी निकायलाई उद्धृत गर्दै लीले ली सेओङ–क्वेउनले बताए। उनले भने–"तैनाथ गरिएका सैनिकका परिवारलाई उनीहरू तालीममा छन् भनेर झूटो जानकारी दिइएको छ।"

उत्तर कोरियाको सरकारी कोरियन सेन्ट्रल न्यूज एजेन्सीका अनुसार उत्तर कोरियाका विदेशमन्त्री यस साता मस्को गएका छन्। यद्यपि कुनै विवरण दिइएको छैन।

### बढ्दो खतराहरू

प्रमुख हतियार निर्यातक दक्षिण कोरियाले युक्रेनलाई सीधै हतियार आपूर्ति गर्नेबारे पुनर्विचार गर्ने यस अघि नै बताएको थियो। पुनर्विचार गर्न उसका पश्चिमी सहयोगीहरूले लामो समयदेखि माग गर्दै आएका थिए। सोलले अहिलेसम्म लामो समयदेखिको घरेलु नीतिका कारण यो कदम चाल्न अस्वीकार गर्दै आएको छ।

सोलले पहिले नै किभको एक प्रमुख सहयोगी पोल्यान्डलाई अर्बौं डलर मूल्यका ट्याङ्क, तोप, आक्रमण विमान र रकेट लन्चर बेचिसकेको छ। रासस

## इजरायलद्वारा युएनआरडब्लुए प्रतिबन्धित कानून पारित

इजरायल, १३ कात्तिक/एएनआई

इजरायली संसद्ले प्यालेस्टिनीलाई सहयोग गर्ने राष्ट्रसङ्घीय राहत र कार्य एजेन्सी (युएनआरडब्लुए)लाई इजरायलभित्र काम गर्न निषेध गर्ने कानून पारित गरेको सिएनएनले जनाएको छ।

संसद्मा सोमवार यो विधेयकमा मतदान गरिएको थियो, विधेयकको पक्षमा ९२ र विपक्षमा १० मत परेको थियो।

सिएनएनका अनुसार यो कानूनले औपचारिकरूपमा युएनआरडब्लुएलाई गाजा र प्यालेस्टिनी नियन्त्रित पश्चिम किनारका केही भागमा काम नरोके पनि उक्त क्षेत्रमा एजेन्सीको क्षमतालाई सीमित गर्छ।

गत वर्ष अक्टोबरमा हमासले गरेको आक्रमणपछि सहयोगका क्रममा युएनआरडब्लुएले इजरायलबाट निरन्तर आलोचनाको सामना गरिरहेको छ।

सोमवार क्यानडा, अस्ट्रेलिया, फ्रान्स, जर्मनी, जापान, दक्षिण कोरिया र बेलायतका विदेश मन्त्रीहरूले गाजामा बढ्दै गएको मानवीय सङ्कटबारे चिन्ता व्यक्त गर्दै इजरायललाई प्रस्तावित कानून रोक्न आग्रह गर्दै संयुक्त विज्ञप्ति जारी गरेका थिए।

"युएनआरडब्लुएले गाजा, पूर्वी जेरुसेलम, पश्चिम किनार र क्षेत्रमा प्यालेस्टिनी शरणार्थीलाई आवश्यक जीवन रक्षक मानवीय सहायता र आधारभूत सेवाहरू प्रदान गर्छ"–विज्ञप्तिमा उल्लेख छ।

विधेयक पारित हुनु अघि नै राष्ट्रसङ्घले खाना, आश्रय र स्वास्थ्य सेवामा पूर्ण रोक लगाइएको गाजामा करीब छ लाख बालबालिका जोखिममा पर्ने भविष्यवाणी गरेको थियो।

प्रतिबन्धले इजरायलले कब्जा गरेको क्षेत्रमा युएनआरडब्लुएको कार्यमा बाधा पुऱ्याउने अनुमान गरिएको छ। रासस



**चाँदी र सुनका सिक्का खरीद गर्दै सर्वसाधारणः** धन्तेरसका दिन मङ्गलवार थापाथलीस्थित मुद्रा व्यवस्थापन विभागको टक्सार महाशाखामा नेपाल राष्ट्र बैंकले प्रकाशित गरेका नयाँ मुद्रण चाँदी र सुनका सिक्का खरीद गर्दै सर्वसाधारण। तस्बिरः गोपाल दाहाल/रासस

### कात्तिक ...

मोहडा गरेर गर्नुपर्ने समितिले जनाएको छ।

सर्वसाधारणका लागि मध्याह्नकालमा टीका लगाउनु पनि शास्त्रसम्मत हुने उनले बताए। राज्य सञ्चालकले भने साइतमा टीका लगाउनुपर्छ। भाइपूजा र नेवारी भाषामा किजापूजा भनिने पर्व कात्तिक १८ गते नै गरिन्छ। बेलुकी सूर्यास्त नभएसम्म भाइटीका लगाउन कुनै समस्या नरहेको समितिले जनाएको छ।

झिलीमिलीको चाड पनि भनिने तिहारका अवसरमा एक हप्ता अघिदेखि राजधानीलगायत प्रमुख शहरमा थरीथरीका बत्ती बाल्न शुरू भइसकेका छन्।

बत्तीको उज्यालोले शहरमा घुम्दासमेत मन आनन्दित हुन्छ। केहीले आश्विन शुक्ल पूर्णिमा अर्थात् कोजाग्रत पूर्णिमाकै दिनदेखि दीपावलीलाई निरन्तरता दिन्छन्। कोजाग्रत पूर्णिमामा लक्ष्मीको पूजा गरी त्यसै दिनदेखि दीपावलीलाई निरन्तरता दिने क्रम पनि शहरी क्षेत्रमा बढ्न थालेको छ।

बडादशैंमा सुनसान प्रायः हुने काठमाडौं उपत्यका तिहारमा झिलीमिलीले उत्सवमय बनेको छ। झिलीमिलीमा देउसी, भैलोको रमाइलोसँगै तिहारमा जुवा खेल्नैपर्छ भन्ने मान्यताले पनि कतिपयलाई आकर्षित गर्छ। लक्ष्मीपूजाका दिन भलो होस् भनी भैलो र गोवर्द्धन पूजाका दिन देउसी खेल्ने गरिन्छ। कतिले भने विभिन्न सामाजिक कामको सहयोगका लागि तिहार अर्थात् यमपञ्चक लागेदेखि नै देउसी, भैलो खेल्ने गरेका छन्। विशेषगरी कर्णाली र सुदूरपश्चिम प्रदेशका विभिन्न जिल्लामा भने कोजाग्रत पूर्णिमाका दिनदेखि नै देउसी र भैलो खेल्ने परम्परा पनि रहिआएको छ।

कौडा, लङ्गुरबुर्जा, तासलगायत विभिन्न स्वरूपका जुवा तिहारका अवसरमा खेल्ने गरिन्छ। यसबाट कतिले जीतको आनन्दका साथै कतिले हारको नरमाइलो अनुभव पनि सँगाल्ने गर्छन्। धेरै पैसा राखेर जीतहारका रूपमा जुवा खेल्दा कतिले भने धनसम्पत्ति नै सिध्याउने पनि गर्छन्। संस्कृतिका नाममा यस्ता विकृतिको भने अन्त्य हुनुपर्ने आवाज पनि उठ्ने गरेको छ।

दीपावली अर्थात् तिहार पर्वका अवसरमा विकृतिका रूपमा फैलिएको पटका पड्काउने गर्दा दुर्घटना पनि हुने गरेको छ। जताततै पटका पड्काउँदा आगलागी, अरूलाई लागेर घाइते हुने, आँखालगायत अङ्गभङ्ग हुने समस्यासमेत बढ्न थालेको छ। नेपाल प्रहरीले पटका नपड्काइ सभ्यरूपमा पर्व मनाउन आह्वान गरेको छ। तिहार अघि ठूलो सङ्ख्यामा पटका बरामद हुने गरे पनि पड्किन भने छोडेको छैन। प्रत्येक वर्ष प्रहरीले एक साता अघिदेखि नै पटका नपड्काइ सभ्यरूपमा दोस्रो चाड तिहार मनाउन आह्वान गर्ने गरेको छ।

### चाडपर्वले ...

भन्छन्–"शिथिल अर्थतन्त्रलाई चलायमान बनाउन चाडपर्वले टेवा पुगेको छ। दशैंमा आम्दानी र खर्च दुवै बढ्ने भएकाले अर्थतन्त्रलाई राम्रै गर्छ।" यी चाडपर्वको समयमा धेरै मानिस शहरी क्षेत्रबाट आफ्नो जन्मस्थल ग्रामीण क्षेत्रमा पुग्ने हुँदा आन्तरिक पर्यटन प्रवर्द्धनलाई पनि सघाएको छ। जनकपुरधामलगायत विभिन्न ठाउँमा सस्तो बजारका नाममा विशेष बजार दशैंदेखि छठ पर्वसम्म सञ्चालन हुने गर्दछ। यस्ता बजारमा स्थानीय तथा राष्ट्रिय उत्पादनहरू बढी मात्रामा रहेकाले देशकै आर्थिक गतिविधि बढ्ने गर्दछ।

### आजको राशिफल

| | |
|---|---|
| मेष – कडाश्रम | वृष – कार्यनाश |
| मिथुन – भयचिन्ता | कर्कट – मित्रमिलन |
| सिंह – धनखति | कन्या – सुयश |
| तुला – खर्चवृद्धि | वृश्चिक – धनलाभ |
| धनु – सफलता | मकर – अलमल |
| कुम्भ – रोगभय | मीन – व्यापारवृद्धि |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### अत्यन्त जरूरी सूचना

का.जि.का.म.न.पा. वडा नं ३, बसुन्धरामा रजिष्टर कार्यालय रहेको श्रम इजाजत नं. ११४८/०७३/०७४ यस नाज ओभरसिस प्रा.लि.को हाल सम्म केन्द्रिय कार्यालय बाहेक कहिकतै शाखा कार्यालयहरु नरहेको सबैमा जानकारी गराउदछौं। २०२४ जुन ३० देखि मलेसियाको सम्पुण कामहरु बन्द रहेको सबैमा अबगतनै छ। नाज ओभरसिस प्रा.लि.को नाम लिएर कोही कसैले अनाधिकृत रुपमा अर्न्तवार्ता, स्वास्थय परिक्षण, रकम उठाउने कार्य गरे गराएमा गैर कानूनी हुने हुँदा उक्त गैर कानुनी कार्य गराएको पाइएमा कानुन बमोजिम कारवाही गरिने छ। कोही कसैले गैर कानुन काम गरेको, देखे, सूनेमा नाज ओभरसिस प्रा.लि.मा खबर गरि दिनु हुन अनुरोध गरिन्छ।

नाज ओभरसिस प्रा. लि.
बसुन्धरा, काठमाण्डौं, फोन नं. : ९७०५३१५९६६
Gov. Lic. No. 1148/073/74



### वीरगंज महानगरपालिकाको सूचना

वीरगंज महानगरपालिका वडा नं १० मा सञ्चालित एन्जल इन्टनेशनल बोर्डिङ स्कूल पर्सा (प्रा) लिको नाम परिवर्तन सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालयको च.नं. १३६५०/२०८०/८१ मिति २०८०/०६/०५ गतेको पत्रानुसार परिवर्तन भई आएको तथा उक्त विद्यालयको चनं २०/२०८०/८१ मिति २०८०/०७/०१ गतेको पत्रबाट तपसिल अनुसारको नाम परिवर्तन गरिपाउँ भनी सम्बन्धित वडा कार्यालयको सिफारिशसहित निवेदन दिएकोमा यस कार्यालयको मिति २०८१/०७/०८ को निर्णयानुसार हकदाबीसम्बन्धी ३५ दिने सूचना प्रकाशन गरिएको छ। **तपसिल**

| साबिक विद्यालयको नाम | ठेगाना | हाल परिवर्तित विद्यालयको नाम | ठेगाना |
|---|---|---|---|
| एन्जल इन्टनेशनल बोर्डिङ स्कूल (प्रा) लि | वीरगंज–१०, पर्सा | एन्जल वर्ल्ड स्कूल प्रालि | वीरगंज–१० पर्सा |



यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



मङ्गलवार र बुधवार धनतेरस परेकोले वीरगंजमा बेच्न राखिएको सजावट तथा पूजा सामग्रीहरू। तस्वीरः नितेश कर्ण

# पर्सागढीका छठघाटको सरसफाइ तथा सजावट

बलिराम शुक्ला, बिरुवागुठी १३ कात्तिक/

छठपर्व नजीकिएसँगै अहिले छठघाटको सरसफाइ तथा सजावटको कार्यले तीव्रता पाएको छ।

पर्सागढी नगरपालिकाको स्रोत साधनबाट नगरभित्र रहेका सम्पूर्ण छटघाटको सरसफाइ तथा मर्मतको कार्यले तीव्रता पाएको हो।

नगरप्रमुख गोकर्ण पाठकका अनुसार नगरभित्र रहेका करीब ७५ वटा



छठघाटमा पालिकाको स्रोत साधनबाट बाटो मर्मत, सरसफाइ तथा छटघाटमा माटो पुरी सम्याउने कार्य भइरहेको बताए। उनले सम्पूर्ण छटघाटलाई सजावटको लागि पालिकाले न्यूनतम केही रकमसमेत हरेक वर्ष दिने गरेकामा यस वर्ष पनि दिइने बताए। नगरप्रमुख पाठक दिनहुँजसो छठघाट मरम्मतस्थलमा पुगेर अनुगमनसमेत गर्ने गरेका छन्।


## जुवातासले गर्छ सर्वनाश

जुवातासको लतले,

- पारिवारिक कलह, झैंझगडा हुने गर्छ,
- सामाजिक तथा पारिवारिक वातावरण अशान्त र कोलाहलपूर्ण हुन्छ,
- सम्पत्तिको नाश र परिवारको बिचल्ली हुन सक्छ,
- सामाजिक र आर्थिक सङ्कट उत्पन्न हुन्छ,
- पारिवारिक विखण्डनको सम्भावना बढ्छ,
- सन्ततिहरूसमेत कुलतमा फस्ने सम्भावना हुन्छ,
- सामाजिक प्रतिष्ठामा आँच आउँछ,

**त्यसैले सम्पत्ति हारजित हुने जुवालगायतका खेल नखेलौं, परिश्रममा विश्वास गरौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड


## लागूऔषधसहित क्लिनिक सञ्चालक पक्राउ

प्रस, वीरगंज, १३ कात्तिक/

इलाका प्रहरीकार्यालय बारागढीले लागूऔषध बिक्री गरेको आरोपमा एकजना क्लिनिक सञ्चालकलाई पक्राउ गरेको छ। एमआर पोलिक्लिनिकका सञ्चालक राजेश साह कानुलाई लागूऔषध बिक्री गरेको आरोपमा प्रहरीले पक्राउ गरेको हो।

बारागढी गाउँपालिका-२ मलाहीचोक स्थित एमआर पोलिक्लिनिकमा प्रहरीले चेकजाँच गर्दा लागूऔषध बरामद भएको थियो। प्रहरीले सो पोलिक्लिनिकबाट कोरेक्स ५ थान, नाइट्रोभ्याट ४७ पिस, ट्रमवेल २० पिस, लोरी, बुप्रिजेसिक र फेनारगन ३/३ पिस बरामद भएको प्रहरीले जनाएको छ।






## पटाका नष्ट

प्रस, सिम्रौनगढ, १३ कात्तिक/

इलाका प्रहरी कार्यालय सिम्रौनगढले



विभिन्न मितिमा नियन्त्रणमा लिएको पटाका आज सरोकारवालाको रोहबरमा नष्ट गरेको छ।

भारतबाट खजानी र बसवरिया नाकाबाट नेपाल भित्र्याइएको डेढ लाख मूल्य बराबरको पटाका नष्ट गरिएको प्रहरी निरीक्षक नवीन राईले बताए। बरामद गरिएको पटाका खाल्डो खनेर पुरिएको थियो।

# खेलकूदको संसार

## समर गेम्सको बक्सिङमा नेपालले स्वर्ण जित्यो

काठमाडौं, १३ कात्तिक/रासस

नेपालका स्वस्तिका तिरुवा र नोर्बु थेन्डुप शेर्पाले आइएसएफ जिम्नासाइड समर गेम्सको बक्सिङमा मङ्गलवार स्वर्ण पदक जितेका छन्। दुवैले ब्रजीलका खेलाडीलाई फाइनलमा पराजित गरे। बहराइनको मानामास्थित अल अहली क्लबमा भएको महिला ५४ किलोमुनि फाइनलमा स्वस्तिकाले ब्रजीलकी ओलिभिएरालाई ५-० ले पराजित गरिन्। सेमिफाइनलमा स्वस्तिकाले ब्रजीलकै बारोस फरेरा मार्सेलो डिलाई ५-० ले हराउँदै फाइनलमा स्थान सुरक्षित गरेकी थिइन्।



समग्रमा तीन अन्तर्राष्ट्रिय प्रतियोगिता खेलेकी स्वस्तिकाको यो पहिलो अन्तर्राष्ट्रिय स्वर्ण हो। स्वस्तिकाले सन् २०२१ मा दुबईमा भएको एशियाली जुनियर बक्सिङ प्रतियोगितामा कांस्य जितेकी थिइन्।

ठमेलस्थित एभरेस्ट माविबाट प्लस टु उत्तीर्ण गरेकी सुदूरपश्चिमको कञ्चनपुर निवासी स्वस्तिकाले जोर्डनमा भएको एएसबिसी युथ तथा जुनियर बक्सिङमा पनि सहभागिता जनाएकी थिइन्।

सन् २०२१ बाट बक्सिङ खेल्ने थालेकी स्वस्तिकाले दुई वर्षअघि भएको खुला राष्ट्रिय बक्सिङ प्रतियोगितामा स्वर्ण जितेकी थिइन्। बक्सिङमा नेपालबाट सहभागी स्वस्तिका एक्लो महिला खेलाडी हुन्। जीतपछि स्वस्तिकाले पहिलो अन्तर्राष्ट्रिय स्वर्ण जितेकोमा खुशी व्यक्त गर्दै यो अवसर प्रदान गर्ने नेपाल बक्सिङ सङ्घ र प्रशिक्षक दीपक महर्जनलाई धन्यवाद प्रदान गरिन्।

त्यस्तै, पुरुष ८० किलोमुनि युथमा नोर्बुले फाइनलमा ब्रजीलका रेजेन्डा अक्युलेस वालिफरलाई ३-२ ले हराए। सेमिफाइनलमा उनले बहराइनका अनास अल जलाकीलाई पाखा लगाउँदै फाइनलमा स्थान पक्का गरेका थिए। नोर्बुको भने यो नै पहिलो अन्तर्राष्ट्रिय पदक हो। त्यस्तै, उनको दोस्रो अन्तर्राष्ट्रिय सहभागिता हो। कक्षा १२ मा लोयल्टी एकेडेमीमा अध्ययनरत नोर्बुले करीब एक वर्ष अघि अर्मेनियामा भएको जुनियर विश्व बक्सिङ च्याम्पियनशिपमा सहभागिता जनाएका थिए।

पाँचजना खेलाडीले सहभागिता जनाएकामा स्वस्तिका र नोर्बुसहित नेपालका चार खेलाडीले पदक जिते। नेपालले समान २-२ स्वर्ण र कांस्य जित्यो। पुरुष ४६ किलोमुनि रोहित जनाला तथा पुरुष ८० किलोमुनि सूर्यान वैद्यले कांस्य हात पारे। युनिक राई मात्र पदकविहीन बने। उनले पुरुष ६३ किलोमुनि प्रतिस्पर्धा गरेका थिए।

# ठाकुरको अर्थतन्त्रका आयामहरू पुस्तक सार्वजनिक

प्रस, परवानीपुर, १३ कात्तिक/


उमेशचन्द्र ठाकुरद्वारा लिखित 'अर्थतन्त्रका आयाम' पुस्तक प्रकाशनमा आएको छ। समसामयिक अर्थराजनीतिक सरोकारका विषयमा ठाकुरको दशकौंको लेखनलाई पुस्तकमा सङ्ग्रहित गरिएको छ।

ठाकुरले विसं २०३९ देखि निरन्तर लेखन गर्दै आएका छन्। आर्थिक विश्लेषण, औद्योगिक व्यवस्थापन, श्रम सम्बन्ध र आर्थिक-सामाजिक परिवर्तनबारे उनले आफ्नो गहिरो जानकारी र अनुभवलाई पुस्तकमा प्रस्तुत गरेका छन्।

यो पुस्तक विगत एक दशकभन्दा लामो समयदेखि प्रकाशित ७६ वटा उत्कृष्ट आलेखहरूको सङ्गालो हो, जसले देशको आर्थिक र औद्योगिक पाटोमा गहिरो दृष्टिकोण प्रस्तुत गर्छ।

पुस्तकको संयोजन पत्रकार ओमप्रकाश खनालले गरेका थिए। पत्रकार खनालले सो पुस्तक वर्तमान अर्थराजनीतिक र औद्योगिक परिदृश्यलाई विगतसँग तुलना गर्ने र भविष्यलाई दृष्टिगत गर्ने खालको आँखीझ्याल भएको बताए।

खनालले पुस्तकलाई समयसापेक्ष दृष्टिकोणले तयार गरिएको र आगतलाई सही ढङ्गले बुझ्न तथा स्वागत गर्न सक्षम रहेको ठानेका छन्। उनले यो पुस्तक पाठकलाई पुराना आर्थिक



विश्लेषणमार्फत आधुनिक आर्थिक चुनौतीहरूको मूल्याङ्कन गर्न मार्गदर्शन दिने उद्देश्यले तयार पारिएको छ।

ठाकुरको लेखनयात्रा उद्योग, व्यापार र श्रम सम्बन्धमा आधारित छ, जहाँ उनले औद्योगिक प्रतिष्ठानहरूको व्यवस्थापनमा आफ्नो गहिरो अनुभवलाई समेटेका छन्। निजी क्षेत्रमा लामो समयदेखि संलग्न रहेका ठाकुर औद्योगिक शान्ति, श्रम सम्बन्ध र सामाजिक-आर्थिक सम्बन्धका विषयमा विशेष दखल राख्छन्।

उनका लेखमा सामाजिक-आर्थिक परिवेशमा देखिएका परिवर्तन, औद्योगिक विवादहरूको समाधान र व्यापारिक चक्रको प्रभावलाई समेटिएको छ।

पुस्तकमा समेटिएका आलेखहरूले ठूला औद्योगिक र श्रमिक आन्दोलनदेखि आर्थिक नीति, निजी क्षेत्रको भूमिका र सरकारका आर्थिक नीतिहरूको विश्लेषणलाई समेटेका छन्।

लेखहरूमा आर्थिक असमानता, उदारीकरणको प्रभाव र श्रमिक वर्गका समस्याहरूको सजीव चित्रण गरिएको छ। पुस्तकले हालका श्रम आन्दोलनहरू, उद्योगी-व्यवसायीहरूबीचको सम्बन्ध र नीति निर्माताहरूलाई आर्थिक सुधारको दिशातर्फ निर्देशित गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

लेखक ठाकुरले पुस्तक प्रकाशित गर्न सहयोग पुऱ्याउने सम्पूर्ण व्यक्ति र संस्थाहरूप्रति आभार व्यक्त गरेका छन्।

# उद्योगहरूमा विद्युत जोड्न जीतपुरसिमरा नउवा सङ्घको माग

प्रस, वीरगंज, १३ कात्तिक/

जीतपुरसिमरा नगर उद्योग वाणिज्य सङ्घले प्रेस विज्ञप्ति जारी गरी नेपाल विद्युत् प्राधिकरणले देशका औद्योगिक प्रतिष्ठानहरूको विद्युत् लाइन काटेको घटनाप्रति भर्त्सना गरेको छ। सङ्घका अध्यक्ष मोहन शर्मा लामिछानेले मङ्गलवार विज्ञप्ति जारी गरी विद्युत् प्राधिकरणलाई आफ्नो कदम सच्याउन आग्रह गरेका छन्।

डेडिकेटेड र ट्रङ्क लाइनको विवाद नयाँ नरहेको र वार्ता तथा सहमतिको माध्यमबाट समस्या समाधानका लागि उद्योगीले गरेको आग्रहलाई सरकारले पटकपटक बेवास्ता गर्दै आएको सङ्घले जनाएको छ। विज्ञप्तिमा सरकार र नेपाल विद्युत् प्राधिकरणले चालेको पछिल्लो कदमका कारण जीतपुरसिमरा उपमहानगरपालिकाभित्रका चार ठूला उद्योगहरू जगदम्बा स्टील लिमिटेड, हुलास स्टील लिमिटेड, हामा आइरन तथा अशोक स्टील इन्डस्ट्रिज मारमा परेका छन्। यी उद्योगले देशको रोजगार तथा कुल गार्हस्थ्य उत्पादनमा पुऱ्याएको योगदानको समेत कदर नगरी एकपक्षीय ढङ्गबाट विद्युत् प्राधिकरणले चालेको कदम निन्दनीय रहेको अध्यक्ष लामिछानेले जनाएका छन्।

जीतपुरसिमरा उपमहानगरका चारसहित विद्युत् लाइन काटिएका देशका सबै उद्योग प्रतिष्ठानमा विद्युत् जोडी औद्योगिक वातावरण निर्माण गर्न विद्युत् प्राधिकरणसहित सम्बन्धित पक्षसँग उनले विज्ञप्तिमार्फत माग गरेका छन्।

## दुर्घटनामा एकजनाको मृत्यु

प्रस, सिराहा, १३ कात्तिक/

सिराहा नगरपालिका-११ स्थित भलुवाहीमा मङ्गलवार दिउँसो भएको दुर्घटनामा एकजनाको मृत्यु भएको छ भने एकजना घाइते भएका छन्।

दुर्घटनामा परी मोटरसाइकल चालक कर्जन्हा नगरपालिका-५ का २० वर्षीय रूपेश महतोको मृत्यु भएको छ भने मोटरसाइकलमा पछाडि सवार विष्णुपुर गाउँपालिका-१ का ३२ वर्षीय प्रदीपकुमार पासवान घाइते भएको प्रहरीले जनाएको छ।

सिराहाबाट चोहर्वातर्फ जाँदै गरेको प्र ०१-०२-०१ प ०४३४ नम्बरको मोटरसाइकल अत्यधिक गतिका कारण अनियन्त्रित भई कल्भर्टमा ठोक्किएको थियो। त्यसपछि घाइते भएका दुवैजनालाई सिराहास्थित प्रादेशिक अस्पताल लगिएको थियो।

अस्पतालले महतोलाई मृत घोषणा गरेको थियो भने दुवै खुट्टामा चोट लागेका पासवानलाई प्राथमिक उपचारपछि थप उपचारका लागि विराटनगर पठाइएको जिल्ला प्रहरी कार्यालय, सिराहाका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानले जानकारी गराएका छन्।